३११

# भक्तपुर
मासिक

Bhaktapur Monthly विशेष साउन २०७९

# बजेट अङ्क




- नीति तथा कार्यक्रम
- आ.व. २०७९/०८० को बजेट
- करको दर
- भक्तपुर नपाको बाह्रौं नगरसभा (विस्तृत विवरण)




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँबाट भक्तपुर नपाको बाह्रौँ नगरसभाको समुद्घाटन (असार ८)



बाह्रौँ नगरसभाको समुद्घाटन कार्यक्रममा आमन्त्रित अतिथिहरू




बाह्रौँ नगरसभाको समुद्घाटन कार्यक्रममा मञ्चासीन अतिथिहरू

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j Ì{ #( ⁎ cÆ ljz]f ⁎ g];=!$@ ⁎ lj-;=@)&( ;fpg ⁎ A.D.2022

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

(कोठा नं. २०७) फोन नं. : ०१-६६१३०४३

**email : bhaktapurmasik@gmail.com**

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


नगरपालिका नगरवासीहरूको संस्था हो ।

करदाताहरूले समयमै कर बुझाऔं

**नगरको विकासमा सघाऔं ।**


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘संकुचित अर्थमा हेर्दा आर्थिक एवं राजनीतिक शक्तिहरूको वर्गीय स्वार्थ पूरा गर्नको लागि जनधारणा प्रभावित पार्ने साधनको रूपमा प्रजातन्त्र रहेको छ ।’– अल्बर्ट आइन्स्टाइन

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिकाको बाह्रौं नगरसभा विस्तृत विवरण | – | ३ |
| २) | भक्तपुर नगरपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम | प्रमुख सुनिल प्रजापति | ६ |
| ३) | नगरवासीहरूबाट अझ उत्साहका साथ सफा, सभ्य र सुन्दर नगरको पहिचान दिलाउन साथदिनेमा विश्वास | उपप्रमुख रजनी जोशी | १३ |
| ४) | बाह्रौं नगरसभाबाट पारित प्रस्तावहरू | – | ३७ |
| ५) | भक्तपुर नगरपालिकाको विनियोजन ऐन २०७९ | – | ३८ |
| ६) | स्थानीय सञ्चितकोषबाट विनियोजन हुने रकम | – | ३९ |
| ७) | राजस्व तथा अनुदान आयको अनुमान तथा यथार्थ | – | ४० |
| ८) | आ.व. २०७७/०७८ को यथार्थ खर्च आ.व. २०७८/०७९ जेष्ठ महिनासम्मको यथार्थ खर्च र आ.व. २०७९/०८० को अनुमानित बजेट खर्च विवरण | – | ४२ |
| ९) | प्रस्तावित योजनाहरुको अनुमानित विनियोजित बजेट | – | ४७ |
| १०) | भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०७९ | – | ५१ |
| ११) | विशेष अङ्कबारे (सम्पादकको पृष्ठ) | – | ८४ |


‘पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति’

**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**ब्यासी-२, भक्तपुर**

# सूचना सूचना सूचना

भक्तपुर नगरपालिकाबाट विगत दुई वर्षदेखि गाईजात्रा (सापारु) पर्व कोभिड महामारीको कारण सामान्य औपचारिकतामा मात्र सीमित गर्न अनुरोध गरेकोमा यो वर्ष गाईजात्रा (सापारु) पर्वलाई भव्यताका साथ मनाउन तथा घिन्ताङघिसी एवम् परम्परागत तथा आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरू मूल्याङ्कन गरी पुरस्कृत गर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दर्ता गर्ने समय र फाराम लिने स्थान**

**क) स्थान** : पर्यटक सेवा केन्द्र, खौमा काउन्टर
**समय** : बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म

**ख) स्थान** : भनपाका सबै वडा कार्यालयहरू
**समय** : बिहान १० बजेदेखि साँझ ५ बजेसम्म

# भक्तपुर नगरपालिकाको बाह्रौँ नगरसभा

## विस्तृत विवरण

## पहिलो दिन – २०७९ असार ८ गते, बुधबार



भक्तपुर नगरपालिकाको बाह्रौँ नगरसभाको उद्घाटन नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ **नारायणमान बिजुक्छेँ (रोहित)**को प्रमुख आतिथ्य तथा भक्तपुर नपा **प्रमुख सुनिल प्रजापति**को अध्यक्षतामा बिहान ८:०० बजे ख्वप इन्जिनियरिङ्ग कलेजको सभा हलमा सम्पन्न भयो। प्रमुख अतिथि बिजुक्छेँले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभयो।



कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले नगरसभा पूर्ण सफलताको कामना गर्नुहुँदै भूगोल, इतिहास, राजनीतिशास्त्र, अर्थशास्त्र आदि विषयबारे विद्यार्थीहरूलाई जानकार बनाउन शिक्षकहरूले जोड दिनुपर्ने बताउनुभयो।

शासक दलको सत्ता मोहले गर्दा जनताले दुःख पाइरहेको उल्लेख गर्नुहुँदै उहाँले मन्त्रीले ऐन लागू गर्ने भन्दा पनि नीतिगत काममा जोड दिनुपर्छ बताउनुभयो।

नेपालका युवाहरूलाई सही राजनीतिक ज्ञान नदिँदा विदेशी संस्कृतिले प्रभाव जमाइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले एसियामा तेस्रो विश्वयुद्ध हुने सम्भावना प्रबल रहेको बताउनुभयो।

विश्वविद्यालयको सञ्चालन नगर राज्यबाटै सुरु भएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले ख्वप विश्वविद्यालय सञ्चालनले देशभरिका विद्यार्थीहरू लाभान्वित हुने विचार व्यक्त गर्नुभयो। भक्तपुर नपाले चित्रकला विषयको अध्यापनमा पनि जोड दिनुपर्ने बताउनुभयो।

बौद्धिक विकास नभई भौतिक विकास सम्भव नहुने बताउनुहुँदै नेपालमा राजनीतिक सङ्गठन र बन्दोबस्त सही नहुँदा राणाशासन पतन भएको उहाँले जिकिर गर्नुभयो।

नेमकिपाका सचिव एवम् प्रतिनिधिसभाका सांसद **प्रेम सुवाल**ले भारतीय एकाधिकारी पुँजीले नेपाललाई अघोषित नाकाबन्दी गरिरहेको बताउनुहुँदै नेपाल सरकारको बजेट जनमुखी नभई पुँजीपति वर्गको हितमा रहेको बताउनुभयो।






भक्तपुर नगरलाई सफा, स्वच्छ, सांस्कृतिक र पर्यटकीय गन्तव्य स्थल बनाउन जनप्रतिनिधि निरन्तर क्रियाशील हुनुपर्ने बताउनुहुँदै उहाँले विकास निर्माणमा उपभोक्ता समितिमार्फत आर्थिक अनुशासनमा बसी पारदर्शी ढङ्गले सम्पन्न गर्ने कार्यलाई नगरपालिकाले चालु राख्नुपर्ने बताउनुभयो ।

कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलन गर्न सके ८० प्रतिशत फोहोर व्यवस्थापन स्रोतमै हुने बताउनुहुँदै उहाँले अस्पताल र उद्योगबाट निस्कने फोहोरको विशेष रूपमा सङ्कलन गर्ने बन्दोबस्त नगरपालिकाले गर्नुपर्ने बताउनुभयो ।

'भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके आवास योजनालाई प्राथमिकतामा राखी जनभावनाबमोजिम छिटो सम्पन्न गर्नुपर्छ । न्युनत्तम दुई आना दुई पैसा (०-२-२-०) को नीति अनुसारको आयोजना भएकोले सोहीअनुसार कायम गर्नुपर्छ', उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै नगर र नगरवासीहरूको हितलाई केन्द्रमा राखी



काम गर्ने प्रतिबद्धता जनाउनुभयो ।

उहाँले ख्वप विश्वविद्यालय विधेयक पारित गर्न निरन्तर पहल गर्ने र विश्वविद्यालय सञ्चालन गर्न विज्ञहरूको टोलीसमेत गठन गरी आवश्यक तयारी गर्ने उल्लेख गर्नुहुँदै ख्वप अस्पतालमा प्रसूति सेवा सञ्चालनमा जोड दिने बताउनुभयो । नगरपालिकाद्वारा प्रवाह गरिने सेवा सुविधालाई सरल, छिटो बनाइने र अनलाइनबाट कर तिर्ने तथा नक्सापासको प्रक्रिया अगाडि बढाइने योजना रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् बागमती प्रदेशका सभासद् **सुरेन्द्रराज गोसाईं**ले भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम व्यवहारिक र जनताको जीवनसँग सम्बन्धित रहेको बताउनुहुँदै भक्तपुर



नपा देशकै हितको निम्ति मार्गनिर्देश गर्ने स्थानीय तह भएको बताउनुभयो ।

एसपीपीका कारण देशमा राजनीतिक अस्थिरता उत्पन्न भइरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले एसपीपीको पूर्ण खारेजीको माग गर्नुपर्ने बताउनुभयो । उहाँले नयाँ पुस्तामा व्यक्तिवादी चिन्तन हावी भइसकेको बताउनुहुँदै सामूहिक चिन्तनसहितको सेवाको भावबाट नयाँ पुस्तालाई उत्साहित गर्नुपर्ने बताउनुभयो ।

त्यस्तै बागमती प्रदेशसभा सदस्य **सृजना सैंजु**ले भक्तपुर नगरपालिकाले समाजवादी चिन्तनको सफल प्रयोग गरिरहेको बताउनुहुँदै भक्तपुर नपाले अपनाइरहेको जनसहभागितामा आधारित विकासको मोडलको देशव्यापी रूपमा चर्चाको विषय बनिरहेको बताउनुभयो । उहाँले सरकारले





समाजवादी चिन्तनमा आधारित बजेट निर्माण गर्नुपर्नेमा जोड दिनुहुँदै देशलाई आत्मनिर्भर बनाउन उद्योगहरू सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले गौरवशाली इतिहास बोकेको भक्तपुर नपा आज देशकै उत्कृष्ट नगरको रूपमा परिचित भएको बताउनुहुँदै काठमाडौं उपत्यकाको सम्पदा जगेर्नामा भक्तपुर नपाले अग्रणी भूमिका खेल्ने बताउनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला



अधिकारी **रुद्रादेवी शर्मा**ले भक्तपुर नपाको नीति तथा कार्यक्रममा नगरको लाभ प्रबर्द्धन गर्न सकिने जनमुखी खालका विषयवस्तु समाविष्ट भएको बताउनुहुँदै ख्वप विश्वविद्यालय सञ्चालन गर्ने नगरपालिकाको उद्देश्य आफैमा नमुनायोग्य भएको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. **विष्णुदत्त पौडेल**ले भक्तपुर क्यान्सर अस्पताल काठमाडौं उपत्यकाकै सुविधासम्पन्न अस्पतालको रूपमा अगाडि बढिरहेको बताउनुहुँदै भक्तपुर नपाले टोलटोलमा



क्यान्सर परीक्षण शिविर सञ्चालन गरी व्यापक जनतालाई सचेत बनाउन आवश्यक रहेको बताउनुभयो । ख्वप विश्वविद्यालयले १५ लाखमा एमबीबीएसको पढाउने नीति सराहनीय भएको बताउनुहुँदै ख्वप विश्वविद्यालय विधेयक पारितगर्न निरन्तर पहल गरिरहन आवश्यक भएको बताउनुभयो ।

नगरसभाको उद्घाटन





कार्यक्रममा भ.न.पा ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नु भएको र भनपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले प्रमुख अतिथि, विशेष अतिथि र अतिथिहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# भक्तपुर नगरपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम

## बाह्रौं नगरसभामा नगर प्रमुख सुनिल प्रजापतिद्वारा प्रस्तुत (पूर्ण पाठ)

**सभासद् मित्रहरू,**

देशमा प्रजातन्त्र पुनःस्थापनाको लागि विभिन्न चरणमा भएका आन्दोलनहरूमा सहादत्त प्राप्त गर्नुभएका महान् शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ र वीर योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौँ।

नेपालको संविधानअनुसार २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनमा भक्तपुरका जनताले नेपाल मजदुर किसान पार्टीका सम्पूर्ण उम्मेद्वारहरूलाई अत्यधिक मत दिएर विजयी गराउनुभएकोमा तमाम मतदाता दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। साथै शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका खेल्ने जिल्ला निर्वाचन कार्यालय, सुरक्षा निकाय, स्वयम्सेवकको रूपमा खट्नुभएका सम्पूर्ण साथीहरूप्रति आभार व्यक्त गर्दछौँ।

भक्तपुर नगरपालिका पटक–पटक नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू निर्वाचित भएर यहाँको विकासको निम्ति योगदान गर्नुभएको संस्था हो। शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, विकास निर्माणजस्ता महत्त्वपूर्ण विषयहरूमा यसअघि नै केही आधारहरू तयार भइसकेका थिए। भक्तपुर आजको अवस्थासम्म आइपुग्न प्रत्यक्ष र अप्रत्यक्ष धेरैको योगदान रहेको छ।

देशको राजनैतिक घटनाक्रमसँगै २०५४ सालमा निर्वाचित जनप्रतिनिधिहरूको म्याद २०५९ सालमा सकिएको थियो। त्यसपछि न जनप्रतिनिधिहरूको म्याद थप भयो न निर्वाचन नै हुन सक्यो। १५ वर्षसम्म देशभरका स्थानीय निकाय जनप्रतिनिधिविहीन भए। स्थानीय निकायहरूमा जनप्रतिनिधि रिक्त हुँदा देशले अपूरणीय क्षति व्यहोर्नुपर्‍यो। सर्वसाधारण जनताले धेरै दुःख पाए।

नेपालको संविधान २०७२ जारी भएपछि पहिलोपटक २०७४ सालमा स्थानीय तहको निर्वाचन भयो। भक्तपुर नगरपालिकामा सम्पूर्ण जनप्रतिनिधिहरू नेमकिपाबाट विजयी हुनुभयो। नयाँ संविधानको कार्यान्वयन, सङ्घीयताको नयाँ अभ्यास र २०७२ सालको भूकम्पबाट क्षत–विक्षत भएको सहरको पुनःनिर्माणजस्ता चुनौतीहरू जनप्रतिनिधिसामु थिए। भक्तपुरवासी जनताको साथ र सहयोगले जनप्रतिनिधिहरूले योजनाबद्ध काम गर्नुभयो। आज भक्तपुर



एउटा उदाहरणीय नगरको रूपमा देशमा चर्चाको विषय बन्यो। **भक्तपुर सफा, सुन्दर नगरको रूपमा विकास हुनुमा भक्तपुरवासी जनताको महत्त्वपूर्ण योगदान छ।**

**सभासद् मित्रहरू,**

हामी निर्वाचित जनप्रतिनिधिहरूले २०७९ जेठ ६ गते शपथग्रहण गर्‍यौँ। नयाँ कार्यकालको सुरुआतसँगै निर्वाचन घोषणापत्रलाई कार्यान्वयन गर्नेमा जोड दियौँ। खानेपानीलाई प्राथमिकतामा राखेर समस्या समाधानको निम्ति पहल गर्‍यौँ। मेलम्चीको पानी जेठ १२ गतेदेखि भक्तपुरमा वितरण सुरु भयो तर केही दिनमै काठमाडौँ उपत्यका खानेपानी लि.ले मेलम्चीको पानी बन्द गरेको कारण फेरि समस्या भएको छ। नगरकोटको **पानीको मुहानसँगै वन म्हासेर** रुबी इन्टरनेशनल खेलमैदान निर्माण गरेको कारण जनताले वर्षाको समयमा पनि राम्रोसँग पानी पिउन पाएनन्। यसमा प्रदेश सरकार र स्थानीय प्रशासनको ध्यान जान आवश्यक छ। **लाखौँ जनताले उपभोग गरिरहेको खानेपानीको मुहान सुक्नेगरी जथाभावी गैरजिम्मेवार काम गर्नेहरूलाई तत्काल कारबाही गरी खानेपानी सुचारू गर्न सम्बन्धित सबैको ध्यानाकर्षण गर्दछौँ।** यद्यपि जनतालाई विभिन्न स्रोतबाट घर–घरमा पानी उपलब्ध गराउन हामी प्रयासरत छौँ।

वि.सं. २०१९/०२० सालमा निर्वाचित अग्रज जनप्रतिनिधिहरूले जनस्वास्थ्य केन्द्रको रूपमा स्थापना गरी स्थानीय जनताको स्वास्थ्य उपचार सेवालाई नगरपालिकाले

प्राथमिकताका साथ अगाडि बढाइरहेकोमा २०७३ सालबाट उक्त केन्द्रमा २५ शय्याको स्वीकृतिसहित सञ्चालन गर्दै आएको सबैमा विदितै छ ।

निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार ख्वप अस्पताललाई १०० शय्याको स्वीकृति प्राप्त भएको छ । त्यसको निम्ति सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति पनि आभार व्यक्त गर्दछौँ । ख्वप अस्पताललाई जनताको अस्पतालको रूपमा विकास गरी सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने हाम्रो उद्देश्य हो ।

आफ्नै १०० शय्याको अस्पताल नभएको कारण देखाई गत वर्ष शिक्षा मन्त्रालयले भक्तपुर नपाबाट सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानअन्तर्गतको स्टाफ नर्स कक्षाको भर्ना बन्द गरायो । **जनताका सन्तानहरूले एक वर्ष नर्सिङ पढ्न पाएनन् ।** यस्तो तीतो यथार्थ पनि हाम्रो सामु छ ।

ख्वप अस्पतालमा दिनानुदिन बिरामीको चाप बढ्दो छ । आ.व. २०७७।०७८ मा उक्त अस्पतालले ४० जिल्लाका १ लाख १२ हजार २२ जनालाई स्वास्थ्य उपचार प्रदान गरेको थियो भने चालू आ.व. २०७८।७९ मा **बितेको ११ महिनामा ४२ जिल्लाका १ लाख ५७ हजारभन्दा बढी बिरामीलाई सेवा प्रदान** गरिसकेको छ । हाल दैनिक ६५० जनाभन्दा बढी बिरामीहरूको स्वास्थ्य परीक्षण हुने गरेको तथ्याङ्क छ । तर दुःखका साथ भन्नुपर्छ, नेपाल सरकारले स्वास्थ्य बिमाबापत दिनुपर्ने रकम समयमा भुक्तानी नगर्दा अस्पताल सञ्चालनमा समस्या देखिएको छ । हालसम्म बिमाबापत **नेपाल सरकारसँग रु. ५ करोड ८० लाखभन्दा बढी भुक्तानी लिन बाँकी रहेको जानकारी गराउन चाहन्छौँ ।**

हामी जनप्रतिनिधिहरू विगतको कार्यकालमा जस्तै निर्वाचनको बेला जनतालाई दिएको वचन अधिकत्तम पूरा गर्न प्रतिबद्ध भएर लाग्नेछौँ । नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको **'सय वर्षपछिको भक्तपुर'** पुस्तकमा उल्लेखित दूरदृष्टि (भिजन) अनुसार हामीले काम गर्ने र त्यसका लागि आवश्यक आधारहरू तयार गर्न निरन्तर लाग्नेछौँ । मौलिक शैलीका घर निर्माणलाई अनुदान, सांस्कृतिक सम्पदाहरूको संरक्षण, विभिन्न विदेशी भाषाका प्रशिक्षण, सरसफाइजस्ता कार्यहरूलाई निरन्तरता दिँदै **भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल र सांस्कृतिक नगरको रूपमा विकास** गर्न निरन्तर लागिरहने विश्वास दिलाउन चाहन्छौँ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके आवास योजनालाई प्राथमिकतामा राखी जनभावनाबमोजिम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

चालु वर्षमा सञ्चालित योजनाहरू पूरा गर्दै जनतासँग छलफल गरी नयाँ नयाँ योजनाहरू अगाडि बढाउने विश्वास दिलाउँदै यहाँहरूसमक्ष आ.व. २०७९।८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछौँ :

## क) शिक्षा :

१. भक्तपुर नगरपालिकाले ७ ओटा शैक्षिक संस्था सञ्चालन गरी विभिन्न जिल्लाका जनताका छोराछोरीलाई उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै आएको छ । **हाल ७२ जिल्लाका करिब ७ हजार विद्यार्थीहरू भनपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा अध्ययनरत छन् ।** ख्वप विश्वविद्यालय सञ्चालन गर्ने भक्तपुरवासी जनताको चाहनाअनुसार नगरपालिकाले ख्वप विश्वविद्यालय विधेयक पारित गर्न निरन्तर पहल गर्दै आएको छ । यस आर्थिक वर्षमा विश्वविद्यालय सञ्चालन गर्न विज्ञहरूको टोली गठन गरी आवश्यक तयारी गरिनेछ । वर्तमान शिक्षामन्त्रीले नगरपालिकाबाट सर्वसाधारण जनताका छोराछोरीलाई १५ लाख रुपैयाँमा एमबीबीएसको अध्यापन गराउन लिखित पत्र नपठाएको भनी विधेयक पारित गर्न विलम्ब गरेकोले विश्वविद्यालय विधेयक पारित गर्न विशेष पहल गरिनेछ ।

२. विद्यालयहरूको शैक्षिक स्तर उठाउन र गुणस्तरीय शिक्षा प्रदान गर्न समय–समयमा **विषयगत शिक्षक तालिमहरू सञ्चालन** गरिनेछ । साथै सामुदायिक विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधारहरूको निर्माणमा जोड दिइनेछ ।

३. सामुदायिक विद्यालयहरूमा **विज्ञान प्रयोगशाला र गणित प्रयोगशाला**को निर्माण गरिनेछ । विद्यार्थीहरूलाई अध्ययन सँगसँगै विभिन्न अतिरिक्त क्रियाकलापहरूमा समेत सक्रिय बनाउन चित्रकला, नृत्य तथा सङ्गीत प्रशिक्षणको व्यवस्था मिलाइनेछ । त्यसको लागि आवश्यक अतिरिक्त क्रियाकलापका शिक्षकको व्यवस्था गरिनेछ ।

४. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **शिशुस्याहार केन्द्रहरूलाई थप व्यवस्थित र स्तरीय सेवा प्रदान गर्दै वडा–वडामा विस्तार** गर्दै लगिनेछ । शिशुस्याहार केन्द्र सञ्चालन गरिरहेका विद्यालयहरूलाई

प्रोत्साहित गर्न अनुदानको नीति लिइनेछ ।

५. नगरभित्रका विद्यालयहरूमा इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषालगायतका विषयहरूमा कक्षा ८, ९ र १० मा अध्यापन सुरु गराइनेछ । साथै ती विषय लिएर **उच्च शिक्षा हासिल गर्ने नगरवासी विद्यार्थीहरूको लागि दिँदै आएको छात्रवृत्ति**लाई निरन्तरता दिइनेछ ।

६. भक्तपुरलाई ज्ञान–विज्ञानको केन्द्रको रूपमा विकास गर्न नगरपालिकाद्वारा सञ्चालित **कलेजहरूमा नयाँ विषयहरू थप** गर्दै लगिनेछ । विद्यार्थीहरूका माग र चाहनालाई ध्यानमा राखेर आवश्यकताअनुसार नयाँ कलेजहरू स्थापना गर्न पहल गरिनेछ ।

७. नपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई दिँदै आएको **छात्रवृत्तिमा समयअनुकूल वृद्धि गर्दै लगिनेछ** र नगरपालिकाले प्राविधिक शिक्षालयहरू स्थापनामा जोड दिनेछ ।

८. कुनै पनि नगरवासी विद्यार्थी आर्थिक कारणले उच्च शिक्षा हासिल गर्नबाट बञ्चित नहोस् भन्ने उद्देश्यले प्रदान गर्दै आएको **शैक्षिक ऋणलाई निरन्तरता** दिँदै समयानुकूल ऋण रकमको सीमा बृद्धि गरिनेछ ।

९. विद्यालयहरूको शैक्षिक गुणस्तर विकासको लागि शिक्षा क्षेत्रका विज्ञहरूबाट **नियमित अनुगमनको व्यवस्था** गरी विद्यालयहरूमा आवश्यक सुधारहरू गरिनेछ ।

१०. स्थानीय पाठ्यक्रमलाई अझै प्रभावकारी बनाउन आवश्यक सन्दर्भसामग्रीहरूको व्यवस्था गर्दै स्थानीय पाठ्यक्रम अध्यापन गर्ने **शिक्षकहरूका लागि विशेष तालिम**को व्यवस्था गरिनेछ ।

११. कक्षा ५ र ८ को नगरस्तरीय परीक्षाको व्यवस्थासँगै शैक्षिक क्यालेण्डरअनुसार विद्यालय सञ्चालन गरिनेछ । साथै **एस.ई.ई. पूर्वपरीक्षा लिने व्यवस्था** मिलाइने छ । तोकिएको मापदण्डका आधारमा उत्कृष्ट ठहर भएका विद्यालय र विद्यार्थीहरूलाई पुरस्कृत गरिनेछ ।

१२. पठन संस्कृतिको विकासको लागि **वडा–वडामा स्थापित पुस्तकालय**हरूका लागि आवश्यक सहयोग गरी नियमित सञ्चालनको व्यवस्था मिलाइनेछ । जनज्योति पुस्तकालयलाई इ–लाइब्रेरीको रूपमा विकास गरिनेछ ।

१३. नगरपालिकाबाट सञ्चालित कलेजहरूको आयोजनामा **राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनहरूको आयोजना** गरिनेछ । ती कलेजहरूमार्फत विभिन्न विषयमा अध्ययन अनुसन्धानका साथै समय–समयमा शैक्षिक प्रदर्शनीहरूको आयोजना गरिनेछ ।

१४. विद्यालयहरूमा **स्काउटको तालिम** दिइनेछ ।

१५. गृहिणी महिलाहरू एवम् प्रौढ नगरवासीहरूका लागि **निरन्तर शिक्षा सञ्चालन** गरिनेछ । साथै विद्यालय र कलेज जीवन छुटेका नगरवासीहरूका लागि बिहान र साँझ कक्षा सञ्चालनको व्यवस्था गरिनेछ ।

## ख) स्वास्थ्य :

१६. ख्वप अस्पताललाई सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्न यही वर्षदेखि **सिटी स्क्यान सेवा** सञ्चालनमा ल्याइनेछ र आवश्यकताअनुसार विशेषज्ञ सेवा थप्दै लगिने छ । ख्वप अस्पतालमा **प्रसूति सेवा** सञ्चालन गरिनेछ ।

१८. वडा–वडामा चिकित्सकसहितको स्वास्थ्यउपचार केन्द्रहरूको विस्तार गरी **सर्वसुलभ स्वास्थ्य उपचार सेवा**को व्यवस्था मिलाइनेछ ।

१८. घरदैलो नर्सिङ सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ । घरदैलोमा खटिने नर्स र स्वास्थ्य स्वयम्सेविकाहरूमार्फत नगरवासीहरूको **स्वास्थ्य विवरण (प्रोफाइल)** तयार गरिनेछ ।

१९. स्वास्थ्य विशेषज्ञहरूसहितको स्वास्थ्य टोलीबाट समय–समयमा नागरिकहरूको **स्वास्थ्य परीक्षण शिविर**को व्यवस्था मिलाइनेछ ।

२०. वडा–वडामा परिचालित स्वास्थ्य स्वयम्सेविकाहरूलाई प्रोत्साहित गर्दै **सामाजिक कार्यकर्ताको रूपमा विकास गर्ने** नीति लिइनेछ ।

२१. गम्भीर रोग लागेका **बिरामीहरूलाई दिइँदै आएको आर्थिक सहयोग** रकमलाई निरन्तरता दिइनेछ । मृगौला, क्यान्सर र मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाई नेपाल सरकारले तोकेबमोजिम **मासिक भत्ता**को व्यवस्था गरिनेछ ।

२२. नागरिकहरूलाई **स्वास्थ्य बीमा**मा सहभागी हुन प्रोत्साहित गरिनेछ ।

२३. विद्यार्थीहरूको स्वास्थ्यलाई ध्यानमा राखी ख्वप अस्पतालका चिकित्सकहरूमार्फत समय–समयमा **शैक्षिक संस्थाहरूमा स्वास्थ्य शिविर** सञ्चालन गरिनेछ ।

२४. ख्वप अस्पतालबाट निःशुल्क रूपमा प्रदान गर्दै आएको **अक्सिजन वितरण**लाई निरन्तरता दिइनेछ ।

२५. **आयुर्वेदिक उपचार सेवा**लाई वडा–वडामा विस्तार गर्दै लगिनेछ ।

२६. रगत आवश्यक पर्ने बिरामी नगरवासीहरूको लागि **निःशुल्क रगतको व्यवस्था** गरिनेछ ।

**ग) सम्पदा संरक्षण** :

२७. भक्तपुर नगरपालिका वडा नं १ स्थित निर्माणाधीन भाज्या पुखु, वडा नं ४ को इखालाछी मठ, हाडा छेँ र लक्ष्मीनरसिंह मन्दिर तथा वडा नं. २ को इन्द्रायणी द्योछेँको **पुनःनिर्माण** यस आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

२८. २०७२ सालको भूकम्पले पूर्ण क्षति भएको लायकूस्थित थंथु दरबार (पहिले नगरपालिका रहेको भवन) को **मौलिक शैलीमै पुनःनिर्माण** कार्यलाई अगाडि बढाइनेछ ।

२९. भक्तपुरको जनजीवन झल्किने **सांस्कृतिक म्युजियम** (सङ्ग्रहालय) निर्माणको कार्यलाई अगाडि बढाइनेछ ।

३०. विद्यार्थीहरूलाई अध्ययनको साथसाथै सांस्कृतिक गतिविधिहरूमा पनि सहभागी गराई संस्कृतिको संरक्षण गर्न **परम्परागत बाजा एवम् नृत्यहरूको तालिम**को व्यवस्था गरिनेछ । त्यसको लागि सांस्कृतिक गुरुहरूलाई आवश्यकताअनुसार प्रशिक्षकको रूपमा खटाइनेछ ।

३१. भक्तपुरको प्राचीन सम्पदा र संस्कृतिलगायत विभिन्न विषयहरूमा नगरपालिकाको स्वीकृति लिई खोज, अध्ययन तथा अनुसन्धान गर्नेहरूका लागि **आर्थिक अनुदान**को व्यवस्था गरिनेछ ।

३२. पुरानो नगर क्षेत्रभित्र परम्परागत शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई इँटा, काठ र झिँगटीमा दिइँदै आएको **अनुदानलाई निरन्तरता** दिइनेछ ।

३३. जीवनको महत्त्वपूर्ण समय संस्कृति संरक्षणमा बिताउनुभएका गुरुहरूको उच्च मूल्याङ्कन गर्दै विभिन्न विधाका सांस्कृतिक गुरुहरूलाई नगदसहित **सम्मान गर्ने कार्यलाई निरन्तरता** दिइनेछ ।

३४. परम्परागत बाजा, नृत्य प्रशिक्षण दिने सङ्घ–संस्थालाई **आर्थिक अनुदान**को व्यवस्था गरिनेछ ।

३५. परम्परागत संस्कृति लोप हुनबाट जोगाई राख्न नयाँ पुस्तालाई उत्साहित गर्न परम्परागत सांस्कृतिक विधाहरूको **नगरस्तरीय प्रतियोगिता** गरिनेछ ।

३६. भक्तपुरमा आन्तरिक र बाह्य पर्यटकहरूको प्रवर्द्धनको लागि **सन्ध्याकालीन सांस्कृतिक प्रदर्शनी**को व्यवस्था मिलाइनेछ ।

३७. दाफा, भजन र गुथिहरूको अभिलेख व्यवस्थित गर्न नगरपालिकामा **दर्ता गर्ने प्रक्रिया** अगाडि बढाइनेछ ।

## घ) खेलकुद :

३८. भक्तपुर नगरपालिकाले नियमित रूपमा दिँदै आएको **खेलकुद प्रशिक्षण**लाई थप प्रभावकारी बनाउँदै खेलकुदलाई नागरिक जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्ने नीति लिइनेछ । टोल–टोलमा रहेका व्यायामशालाहरूलाई स्तरोन्नति गर्दै व्यवस्थित गरिनेछ ।

३९. खेलकुदको माध्यमबाट देशभरका नगरपालिकाहरूबीच सम्बन्ध विस्तार गर्न **अन्तरनगर खेलकुद प्रतियोगिता**को आयोजना गरिनेछ । खेलाडीहरूलाई उत्साहित गर्न नगरस्तरीय र विद्यालयस्तरीय खेल प्रतियोगिताहरू गरिनेछ ।

४०. राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुदमा पदक जित्ने र अन्तर्राष्ट्रिय जगतमा नेपालको नाम चिनाउन सहयोग गर्ने भक्तपुरका **खेलाडी र प्रशिक्षकहरूको सम्मान** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४१. **शहीद स्मृति खेलमैदान**लाई स्तरोन्नति गरी स्तरीय कभर्ड हलको रूपमा निर्माण कार्य अघि बढाइनेछ ।

४२. महेश्वरी खेलमैदानलाई स्तरोन्नति गरी राष्ट्रियस्तरको खेलकुद प्रतियोगता गर्न मिल्ने **रङ्गशालाको रूपमा विकास** गर्न पहल गरिनेछ ।

४३. भनपा वडा नं. १० मा निर्माणाधीन टेबुलटेनिस कभर्ड हल निर्माण सम्पन्न गरी प्रयोगमा ल्याइनेछ । उपयुक्त ठाउँहरूमा नयाँ **खेलकुद कभर्ड हलहरू** निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

४४. वडा–वडामा गठित **खेलकुद समितिहरूलाई सक्रिय** बनाइनेछ र आवश्यक खेलकुद सामाग्री र अनुदानको व्यवस्था गरिनेछ ।

४५. खेलकुदमा विद्यार्थीहरूलाई बढीभन्दा बढी सहभागी गराउन विद्यालयहरूमा **पूर्णकालीन खेलकुद प्रशिक्षक**हरूको व्यवस्था मिलाइनेछ ।

## ङ) वातावरण र सरसफाइ :

४६. **स्थानीय समुदायको सहभागिता**मा वातावरण

# नीति तथा कार्यक्रमका केही बुँदाहरू

- ख्वप विश्वविद्यालय विधेयक पारित गर्न निरन्तर पहल गर्दै जाने र विश्वविद्यालय सञ्चालन गर्न विज्ञहरूको टोली गठन गर्ने ।
- वर्तमान शिक्षामन्त्रीले नगरपालिकाबाट १५ लाख रुपैयाँमा एमबीबीएसको अध्यापन गराउन लिखित पत्र नपठाएको भनी विधेयक पारित गर्न विलम्ब गरेकोले विश्वविद्यालय विधेयक पारित गर्न विशेष पहल गरिने।
- शिशुस्याहार केन्द्रहरूलाई थप व्यवस्थित र स्तरीय सेवा प्रदान गर्दै वडा–वडामा विस्तार गर्दै लगिने। शिशुस्याहार केन्द्र सञ्चालन गरिरहेका विद्यालयहरूलाई प्रोत्साहित गर्न अनुदानको नीति लिइने।
- भक्तपुरलाई ज्ञान–विज्ञानको केन्द्रको रूपमा विकास गर्न नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा नयाँ विषयहरू थप गर्दै लगिने। विद्यार्थीहरूका माग र चाहनालाई ध्यानमा राखेर आवश्यकताअनुसार नयाँ कलेजहरू स्थापना गर्न पहल गरिने ।
- कुनै पनि नगरवासी विद्यार्थी आर्थिक कारणले उच्च शिक्षा हासिल गर्नबाट वञ्चित नहोस् भन्ने उद्देश्यले शैक्षिक ऋणलाई निरन्तरता दिँदै समयानुकूल ऋण रकमको सीमा बृद्धि गरिने।
- कक्षा ५ र ८ को नगरस्तरीय परीक्षाको व्यवस्थासँगै शैक्षिक क्यालेण्डरअनुसार विद्यालय सञ्चालन गरिने। साथै एस.ई.ई. पूर्व परीक्षा लिने व्यवस्था मिलाइने। तोकिएको मापदण्डका आधारमा उत्कृष्ट ठहर भएका विद्यालय र विद्यार्थीहरूलाई पुरस्कृत गरिने।
- ख्वप अस्पताललाई सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्न सिटी स्क्यान सेवा सञ्चालनमा ल्याइने र आवश्यकताअनुसार विशेषज्ञ सेवा थप्दै लगिने। ख्वप अस्पतालमा प्रसूति सेवा सञ्चालन गरिने।
- घरदैलो नर्सिङ सेवालाई थप प्रभावकारी बनाउँदै लगिने। घरदैलोमा खटिने नर्स र स्वास्थ्य स्वयम्सेविकाहरूमार्फत नगरवासीहरूको स्वास्थ्य विवरण (प्रोफाइल) तयार गरिने।
- गम्भीर रोग लागेका बिरामीहरूलाई दिइँदै आएको आर्थिक सहयोग रकमलाई निरन्तरता दिइने। मृगौला, क्यान्सर र मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाई नेपाल सरकारले तोकेबमोजिम मासिक भत्ताको व्यवस्था गरिने।
- रगत आवश्यक पर्ने बिरामी नगरवासीहरूको लागि निःशुल्क रगतको व्यवस्था गरिने।
- भक्तपुरको जनजीवन झल्किने सांस्कृतिक म्युजियम (सङ्ग्रहालय) निर्माणको कार्यलाई अगाडि बढाइने।
- भक्तपुरको प्राचीन सम्पदा र संस्कृतिलगायत विभिन्न विषयहरूमा नगरपालिकाको स्वीकृति लिई खोज, अध्ययन तथा अनुसन्धान गर्नेहरूका लागि आर्थिक अनुदानको व्यवस्था गरिने।
- दाफा, भजन र गुठीहरूको अभिलेख व्यवस्थित गर्न नगरपालिकामा दर्ता गर्ने प्रक्रिया अगाडि बढाइने।
- महेश्वरी खेलमैदानलाई स्तरोन्नति गरी राष्ट्रियस्तरको खेलकुद प्रतियोगता गर्न मिल्ने रङ्गशालाको रूपमा विकास गर्न पहल गरिने ।
- भनपा वडा नं. १० मा निर्माणाधीन टेबुलटेनिस कभर्ड हल निर्माण सम्पन्न गरी प्रयोगमा ल्याइने। उपयुक्त ठाउँहरूमा नयाँ खेलकुद कभर्ड हलहरू निर्माणको लागि आवश्यक व्यवस्था गरिने ।
- भक्तपुर नगरको सौन्दर्यता अभिवृद्धि गर्न पुरानो शहरको मूल सडकको दायाँबायाँ हरियाली प्रबर्द्धनको नीति लिइने। त्यसको लागि घरधनी र पसलधनीहरूसँग समन्वय गरिने।
- हनुमानघाट र सल्लाघारीमा निर्माणाधीन फोहोर पानी प्रशोधन केन्द्रलाई शीघ्र सम्पन्न गरी सञ्चालनमा ल्याउन जोड दिइने।
- नयाँ आवासीय क्षेत्रमा घर बनाउने घरधनीहरूलाई नक्सापाससँगै रुख रोप्न प्रोत्साहित गरिने।
- भक्तपुरको खानेपानीको मुहान क्षेत्र नगरकोटलाई जलाधार क्षेत्र घोषणा गराउन प्रयास गरिने। खानेपानीको स्रोत विस्तारको लागि आवश्यक पहल गरिने।
- मेलम्चीको पानी नगरवासीहरूको घर–घरमा वितरण गर्ने व्यवस्था मिलाइने।
- किसानहरूबाट उत्पादित कृषिजन्य वस्तुहरूको सुरक्षाको लागि चिस्यान केन्द्र स्थापना गरिने।
- नगरको उपयुक्त ठाउँमा तरकारी बजारको व्यवस्था गरिने।
- युवाहरूलाई रेफ्रिजेरेटर, वासिङ मेसिन, मोटरसाइकल, मोबाइल, विद्युतीय उपकरण मर्मत लगायतका सीपमूलक तालिमहरू क्रमशः दिइने। त्यसैगरी वाइरिङ, प्लम्बिङ, डकर्मी, सिकर्मी, लोहँकर्मीलगायतका तालिमहरू दिइने।
- सहकारी संस्थाको ऋण लगानीको निश्चित प्रतिशत रकम गरिब तथा जेहेनदार विद्यार्थीहरूका लागि शैक्षिक ऋण र युवा उद्यमशील ऋणमा लगानी गर्न आवश्यक व्यवस्था मिलाइने ।
- पर्यटकीय क्षेत्रहरूमा नक्सासहित सङ्केत बोर्डहरूको व्यवस्था गरिने। सम्पदाहरूको सङ्क्षिप्त जानकारीसहितको बोर्डहरूको व्यवस्था गरिने।
- भक्तपुर आउने आन्तरिक र बाह्य पर्यटकहरूका लागि फेमिली स्टे र होम स्टे सञ्चालन गर्न नगरवासीहरूलाई प्रोत्साहित गरिने ।
- भनपा वडा नं. ७ हनुमानघाटस्थित निर्माणाधीन सुधारिएको शवदाह गृह सञ्चालनमा ल्याइने।
- नगरभित्र छरिएर रहेका सार्वजनिक जग्गाको अभिलेख तयार गरी त्यसको संरक्षण गरिने।
- अनलाइनबाट कर तिर्ने र अनलाइन नक्सापासको प्रक्रिया अगाडि बढाइने।

सुधार, हरियाली व्यवस्थापनलगायतका कार्य प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

४७. कुहिने र नकुहिने फोहोर घर–घरबाटै निश्चित समय र बार तोकेर सङ्कलन गरी ती फोहोरबाट कम्पोष्ट मल बनाइ किसानहरूलाई सस्तोमा बिक्री गर्ने व्यवस्था मिलाइनेछ । किसानहरूलाई कम्पोष्ट **मल बनाउने तालिम** दिइ घर–घरबाट निस्कने फोहोरलाई कम गर्ने व्यवस्था मिलाइनेछ ।

४८. सांस्कृतिक नगरको स्वरूपलाई असर पर्ने गरी जथाभावी छरपष्ट राखिएका **तारहरू हटाई भूमिगत गर्ने** प्रक्रियालाई जोड दिइनेछ । त्यसको लागि सम्बन्धित निकायसँग समन्वय गरी कार्य अगाडि बढाइनेछ ।

४९. भक्तपुर नगरको सौन्दर्यता अभिवृद्धि गर्न पुरानो शहरको मूल सडकको दायाँबाँया **हरियाली प्रवर्द्धन**को नीति लिइनेछ । त्यसको लागि घरधनी र पसलधनीहरूसँग समन्वय गरिनेछ ।

५०. **प्लाष्टिकको प्रयोगमा न्युनीकरण**का साथै त्यसको वैकल्पिक उपाय अवलम्बन गर्न नगरभित्रका सहकारी र विभिन्न सङ्घ–संस्थासँग समन्वय गरी कार्य अगाडि बढाइनेछ ।

५१. हनुमानघाट र सल्लाघारीमा निर्माणाधीन **फोहोर पानी प्रशोधन केन्द्र**लाई शीघ्र सम्पन्न गरी सञ्चालनमा ल्याउन जोड दिइनेछ ।

५२. नयाँ आवासीय क्षेत्रमा घर बनाउने घरधनीहरूलाई नक्सापाससँगै **रुख रोप्न प्रोत्साहित** गरिनेछ ।

५३. हनुमन्ते खोला र कासाङ खोला तथा विभिन्न **घाटहरूको सुधार** गरिनेछ ।

## च) खानेपानी :

५४. पानीको उचित व्यवस्थापनको लागि स्थानीय स्रोतहरू ढुङ्गेधारा, पोखरी, कुवा, इनारलगायतको **मर्मत तथा संरक्षण**को नीति लिइनेछ ।

५५. भक्तपुरको खानेपानीको मुहान क्षेत्र **नगरकोटलाई जलाधार क्षेत्र घोषणा गराउन** प्रयास गरिनेछ । खानेपानीको स्रोत विस्तारको लागि आवश्यक पहल गरिनेछ ।

५६. **मेलम्चीको पानी** नगरवासीहरूको घर–घरमा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

५७. पानीको अभाव कम गर्न **आकासे पानी सङ्कलन** विधिलाई प्रोत्साहित गरिनेछ ।

## छ) कृषि :

५८. **कम जमिनमा अधिक कृषि उत्पादन** गर्न किसानहरूलाई नयाँ–नयाँ प्रविधिसम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

५९. किसानहरूबाट उत्पादित कृषिजन्य वस्तुहरूको सुरक्षाको लागि **चिस्यान केन्द्र स्थापना** गरिनेछ ।

६०. नगरको उपयुक्त ठाउँमा **तरकारी बजारको व्यवस्था** गरिनेछ ।

६१. कृषि उत्पादन वृद्धिको लागि **माटो परीक्षण**को बन्दोबस्त गरिनेछ ।

६२. किसानहरूलाई **मौसमअनुसारको अन्न र तरकारीको बिउ** वितरणको व्यवस्था गरिनेछ ।

६३. **कौसी खेती प्रविधि**लाई प्रोत्साहन गरिनेछ ।

६४. छाडा तथा भुस्याहा कुकुर एवम् दोपाया चौपाया **जनावरहरूको नियन्त्रण** गरिनेछ । घरमा कुकुर पाल्ने घरधनीहरूले भ्याक्सिन लिएको प्रमाणसाथ नगरपालिकामा दर्ता गर्ने व्यवस्था गरिनेछ ।

## ज) युवा :

६५. युवाहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिमहरू सञ्चालन सँगै **युवा उद्यमशील ऋण**को व्यवस्था गरिनेछ ।

६६. युवाहरूलाई रेफ्रिजेरेटर, वासिङ मेसिन, मोटरसाइकल, मोबाइल, विद्युतीय उपकरण मर्मतलगायतका **सीपमूलक तालिमहरू** क्रमशः दिइनेछ । त्यसैगरी वाइरिङ, प्लम्बिङ, डकर्मी, सिकर्मी, लोहँकर्मीलगायतका तालिमहरू दिइनेछ ।

६७. विदेशी पर्यटकहरूको प्रवर्द्धन गर्न युवाहरूलाई अङ्ग्रेजी, चिनियाँ, जापानीलगायत विभिन्न **विदेशी भाषाका तालिमहरू** दिइनेछ ।

## झ) सहकारी :

६८. **'एक सहकारी एक क्षेत्र सरसफाइ'** लागू गरी नगरको सरसफाइ कार्यमा सहकारी सदस्यहरूको सहभागिताको नीति लिइनेछ ।

६९. सहकारीहरूमा रहेको पूँजी परिचालन गरी सहकारीहरूलाई **उत्पादनमूलक क्षेत्रमा लगानी** गर्न प्रोत्साहित गरिनेछ । साथै सहकारी संस्थाहरूलाई व्यवस्थित गर्न तालिम र अनुगमनलाई निरन्तरता दिइनेछ ।

**७०.** नगरपालिका र सहकारी संस्थाहरूबीच समन्वय गरी सांस्कृतिक गतिविधि, सीपमूलक तालिमहरूको सञ्चालन तथा रोजगार सृजना गरी **युवाहरूलाई आत्मनिर्भर बनाउने कार्य**मा सहकार्य गरिनेछ। सहकारीको पूँजीलाई जनताको हितमा सेवा तथा उत्पादनमूलक कार्यमा साझेदारी गर्न प्रोत्साहित गरिनेछ।

**७१.** सहकारी संस्थाहरूको सामुदायिक विकास कोषमा रहेको पूँजीबाट **सामाजिक उत्तरदायित्व बहन** गर्न प्रोत्साहित गरिनेछ।

**७२.** सहकारी संस्थाको ऋण लगानीको **निश्चित प्रतिशत रकम** गरिब तथा जेहेनदार विद्यार्थीहरूका लागि शैक्षिक ऋण र युवा उद्यमशील ऋणमा लगानी गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

## ञ) पर्यटन :

**७३.** गाइजात्रा प्रदर्शन मार्गलाई **पर्यटक मार्गको रूपमा विकास** गर्दै समय–समयमा सन्ध्याकालीन पदयात्रा कार्यक्रमको आयोजना गरिनेछ।

**७४.** भक्तपुर आउने आन्तरिक र बाह्य पर्यटकहरूका लागि **फेमिली स्टे र होम स्टे** सञ्चालन गर्न नगरवासीहरूलाई प्रोत्साहित गरिनेछ।

**७५.** पर्यटकीय क्षेत्रहरूमा नक्सासहित **सङ्केत बोर्ड**हरूको व्यवस्था गरिनेछ। सम्पदाहरूको सङ्क्षिप्त जानकारीसहितको बोर्डहरूको व्यवस्था गरिनेछ।

**७६.** जुजु धौ, तकातपुली (भादगाउँले टोपी), हाकु पटासी, ताइच्युन च्यूराजस्ता **स्थानीय परम्परागत उत्पादन तथा सीप**लाई आयआर्जनको स्रोतको रूपमा विकास गरी रोजगारीको प्रबर्द्धन गरिनेछ।

**७७.** वडा समितिले आवश्यकताअनुसार टोल टोलमा **समाज सेवा समिति गठन** गरिनेछ।

## ट) विविध:

**७८.** ट्राफिक व्यवस्थापन र नगरका बजार व्यवस्थापनमा सुधार ल्याइ भक्तपुरलाई व्यवस्थित नगरको रूपमा विकास गर्न **नगर प्रहरी**को व्यवस्था गरिनेछ।

**७९.** नगरपालिकाद्वारा सम्पन्न गरिएको लिवाली आवास योजना, तुमचो दुगुरे आवास योजना र कमलविनायक आवास योजनाभित्र **कालोपत्रे** हुन बाँकी सडकहरू क्रमशः कालोपत्रे गर्दै लगिनेछ।

**८०.** देको-मिवा इटापाके आवास योजनाभित्रका जग्गा क्रमशः फिर्ता गरी आवश्यक भौतिक सुधारका कार्यहरू गर्दै लगिनेछ। **न्युनत्तम दुई आना दुई पैसा** (०-२-२-०) को नीतिअनुसारको आयोजना भएकोले सोहीअनुसार सञ्चालन गर्न नेपाल सरकारमा अनुरोध गरिनेछ।

**८१.** विश्व सम्पदा सूचीमा सुचिकृत दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्रहरूमा **रात्रिकालीन विशेष बत्ती**को व्यवस्था गरिनेछ र नगरका महत्त्वपूर्ण क्षेत्रहरूमा **सी.सी. क्यामेरा**को व्यवस्था गरिनेछ।

**८२.** भक्तपुर नपा वडा नं. ७ हनुमानघाटस्थित निर्माणाधीन **सुधारिएको शवदाह गृह सञ्चालन**मा ल्याइनेछ।

**८३.** भक्तपुर नपा वडा नं. ६ मा निर्माणाधीन **आदर निकेतन** भवन र वडा नं १० को स्वास्थ्य केन्द्र निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

**८४.** नगरभित्र छरिएर रहेका **सार्वजनिक जग्गाको अभिलेख** तयार गरी त्यसको संरक्षण गरिनेछ।

**८५.** नगरपालिकाका गतिविधिहरू जनताबीच छिटो–छरितो पुऱ्याउन र जनतालाई हरेक गतिविधिबारे सुसूचित गर्न **ख्वप टेलिभिजन** सञ्चालनमा ल्याइनेछ।

**८६.** **अनलाइन**बाट कर तिर्ने र अनलाइन नक्सापासको प्रक्रिया अगाडि बढाइनेछ।

**८७.** जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकासको लागि **आवश्यक तालिम**को प्रबन्ध गरिनेछ।

**८८.** नगरभित्रका व्यवसायीहरूलाई **करको दायरा**भित्र ल्याइनेछ।

**८९.** नगरपालिकाबाट समय–समयमा गर्दै आएको **बजार अनुगमन**लाई थप प्रभावकारी बनाइनेछ।

**९०.** नगरपालिकाले बनाएका कानुनहरूमा **समयानुकूल जनताको हितमा संशोधन** गरिनेछ।

**९१.** युवाहरूलाई **विपद व्यवस्थापनको तालिम** दिइनेछ।

**९२.** **घरेलु तथा कुटिर उद्योग**लाई प्रोत्साहित गरिनेछ।

**९३.** भक्तपुर नपा वडा नं. २ स्थित **पेपर क्राफ्ट**लाई पुनः सञ्चालनमा ल्याइनेछ।

**९४.** घना बस्तीबीच रहेको भक्तपुर **औद्योगिक क्षेत्रलाई स्थानान्तरण**को लागि पहल गरिनेछ।

**९५.** नगरपालिकाद्वारा प्रवाह गर्ने सेवाहरूलाई सरल, छिटो, छरितो बनाइनेछ। सेवा प्रवाहमा **पारदर्शिता, सुशासन** कायम गरिनेछ।

मिति : २०७९।३।८ गते

# नगरवासीहरूबाट अझ उत्साहका साथ सफा, सभ्य र सुन्दर नगरको पहिचान दिलाउन साथदिनेमा विश्वास

## १२ औँ नगरसभा उद्घाटन कार्यक्रममा उपप्रमुख रजनी जोशीबाट व्यक्त मन्तव्य

आजको यस १२ औँ नगर सभाको उद्घाटन समारोहमा सर्वप्रथम देश र जनताको लागि जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु । साथै समाजमा परिवर्तनको लागि महत्त्वपूर्ण योगदान दिनु हुने सम्पूर्ण अग्रज व्यक्तित्वहरूमा सम्मान व्यक्त गर्न चाहन्छु । पुनश्चः हामी सम्पूर्ण जनप्रतिनिधिहरूलाई दोश्रो पटक अत्यधिक मतले अभूतपूर्व जित दिलाई नगरवासीहरूको सेवा गर्ने अवसर दिनु भएका सम्पूर्ण मतदाताहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु, धन्यवाद दिन चाहन्छु ।

गत २०७४ सालको स्थानीय चुनावमा पनि यहाँहरूको अपार माया एवम् अमूल्य मत पाएका कारणले हामी जनप्रतिनिधिहरूले हामीलाई नेपाल मजदुर किसान पार्टीबाट प्राप्त घोषणा पत्रलाई अक्षरशः पालना गर्दै सम्पूर्ण नगरवासीहरूको साथ र सहयोगमा भक्तपुर नगरमा शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा-संस्कृति संरक्षणमा प्राथमिकताकासाथ काम गरेको कारणले ५ वर्षको अन्तरालमा भक्तपुर नगरले एक उत्कृष्ट नगरको पहिचान पाएकोमा हामी नगरवासीले गौरव गर्न पाएका छौँ र यहाँ भएका कामहरू अनुकरणीय र नमुना नगरको रूपमा अघि बढ्न सफल भएको छ ।

यस प्रकारले गौरवशाली इतिहास बोकेको 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भक्तपुर नगरपालिकाको नगर सभामा यहाँहरू सम्पूर्णलाई स्वागत गर्न पाउँदा अत्यन्तै गर्वको महसुस भइरहेको छ ।

**आदरणीय भद्र महिला एवं सज्जनवृन्दहरू,**

गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको चुनावको भक्तपुर नगरपालिकामा भएको जितलाई हामी सम्पूर्ण जनप्रतिनिधिहरूले देशभक्त जनताको जितको रूपमा लिएका छौँ । र हामीले देश र जनताको हितमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

यस वर्षको चुनावमा हामीलाई प्राप्त घोषणा पत्रलाई गत चुनावको घोषणा पत्र जस्तै प्राथमिकताको आधारमा एक एक गरी पूरा गर्दै जाने लक्ष्यका साथ अघि बढ्ने छौँ । हामी निर्वाचित जनप्रतिनिधिहरूले निःस्वार्थ एवम् इमानदारीपूर्वक



हाम्रा नगरवासीहरूको साथ लिएर अघि बढ्ने विश्वास दिलाउन चाहन्छु ।

हामीले शिक्षामा नयाँ आयामहरू थपेर अघि बढ्ने र जनताको सपना ख्वप विश्वविद्यालयको स्थापनामा निरन्तर जोड दिँदै अघि बढ्ने छौँ । त्यसरी नै जनताको स्वास्थ्यलाई केन्द्रमा राखी नयाँ एवम् आधुनिक उपकरणहरूसहितको स्वास्थ्य सेवामा ख्वप अस्पतालले जनताको सेवामा अग्रसर रहने विश्वास दिलाउन चाहन्छु । भक्तपुर नगरमा बाँकी रहेका केही सम्पदाहरूको संरक्षण, पुनः निर्माण तथा जीर्णोद्धारका कामहरू चाँडै सम्पन्न गरी यहाँका सांस्कृतिक सम्पदाहरूको संरक्षणमा जोड दिँदै काठमाडौँ उपत्यकाको सभ्यतालाई जगेर्ना गर्ने काममा भक्तपुर नगरपालिकाले अग्रणी भूमिका निभाउने पनि यहाँहरू समक्ष विश्वास दिलाउन चाहन्छु ।

भक्तपुर नगरपालिकाले धेरै समय अघिदेखि नै नगरको वातावरण र सरसफाइमा जोड दिँदै आइरहेको सबैमा अवगत नै छ र अहिले पनि न.पा.ले आफ्नो क्षमताले भ्याएसम्म नयाँ उपायहरू र प्रविधि प्रयोग गर्दै वातावरण सुधारमा निरन्तर लागिरहेका छौँ । सरसफाइ र वातावरण सुधारलाई हामी सबै नगरवासीहरूले मिलेर यसलाई प्राथमिकतामा राखेर निरन्तर रूपमा अघि बढिनै रहनुपर्ने हुन्छ । यसको लागि सम्पूर्ण सचेत नगरवासीहरूले अझै उत्साहका साथ भक्तपुर नगरपालिकालाई सफा, सभ्य र सुन्दर नगरको पहिचान दिलाउन साथ दिनु हुनेमा विश्वस्त छु ।

बहुआयामसहितको खेलकुदलाई भ.न.पा.ले ➲

# नगरसभाको पहिलो बैठक

भक्तपुर नगरपालिकाका प्रमुख एवम् बाह्रौँ नगरसभाका **सभा अध्यक्ष सुनिल प्रजापति**को अध्यक्षतामा भक्तपुर नपाको बाह्रौँ नगरसभाको पहिलो बैठक असार ८ गते दिनको १:०० बजे बस्यो ।



पहिलो बैठक सुरु गर्नुहुँदै सभाध्यक्ष **प्रजापति**ले सभामा सभासद्हरूले पालना गर्नुपर्ने आचारसंहिताकोबारेमा सभासद्हरूलाई जानकारी दिनुभयो ।

सभामा **सभाध्यक्ष**ले बजेट स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्थाअनुसार बजेट अधिवेशनमा हरेक स्थानीय तहले असारको १० गतेभित्र सभाका बजेट पेश गर्नुपर्ने अनिवार्य व्यवस्था रहेको जानकारी दिनुभयो ।

उहाँले बागमती प्रदेश अन्तर्गतको प्रदेश सुशासन केन्द्रबाट आयोजित अभिमुखीकरण गोष्ठीमा एक मन्त्रीले एउटा स्थानीय तहले आफ्नो क्षेत्रको फोहोर अर्को स्थानीय तहमा थुपार्न मिल्दैन भनी अभिव्यक्ति दिनु आपत्तीजनक रहेको बताउनुभयो ।

उहाँले प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेलाई भेटी ख्वप विश्वविद्यालय सञ्चालनको लागि उच्च शिक्षा ऐन बनिसकेको र नियमावली आउने बेलामा काठमाडौँ उपत्यकाको लागि जग्गाको उपलब्धता सम्बन्धी छुट्टै मापदण्ड तोक्नको लागि अनुरोध गरेको कुरा सभामा जानकारी दिनुभयो ।

त्यसैगरी बागमती प्रदेश स्वास्थ्य मन्त्री निमा लामालाई १०० शय्याको ख्वप अस्पतालको स्वीकृतिको लागि धन्यवाद ज्ञापन गरिएको र सो अस्पतालको लागि उहाँले विभिन्न स्वास्थ्य उपकरणहरूको लागि आवश्यक सहयोगको लागि प्रतिबद्धता व्यक्त गरेको सभामा जानकारी दिनुभयो ।

कार्यक्रममा उहाँले रासायनिक मलको विषयमा ५०० टन भक्तपुरमा आवश्यक रहेकोमा कम कोटा निर्धारण पठाएको हुँदा बागमती प्रदेश कृषि सचिवलाई ध्यानाकर्षण गरेको सभामा जानकारी दिनुभयो ।

जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको एकता र सहयोगी भावनाले भक्तपुरको विकास र प्रगति सम्भव भएको बताउनुहुँदै जनतासँग नजिक हुने गतिविधि चालु राख्न आग्रह गर्नुभयो ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय समसामयिक राजनैतिक विषयहरूको बारेमा जानकारी दिनुहुँदै सभाध्यक्षले उद्घाटन कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि र अतिथिहरूले दिनुभएको प्रशिक्षण एवं राय, सुझाव र सल्लाहको लागि कृतज्ञता ज्ञापन गर्नुभयो ।

सभाध्यक्ष **प्रजापति**ले अर्को बैठक मिति २०७९ असार ९ गते दिनको १:०० बजे बस्ने गरी सभा स्थगित गर्नुभयो ।

---

➲ प्राथमिकताका साथ नागरिक जीवनको अभिन्न अङ्गको खेलकुद र व्यायामका गतिविधिहरूलाई जोड दिँदै जानेछौँ र भक्तपुरका नागरिकहरू स्वस्थ, स्फूर्तिलो आफ्नो समाजका साथै देशको सार्वभौमिकता जोगाउन सक्ने, युवा/नागरिक तयार गर्दै जाने छौँ । कृषकहरूको बाहुल्यता भएको हाम्रो भक्तपुरका कृषकहरूका लागि आवश्यक व्यवस्था गर्दै जाने र नगरवासीहरूको अत्यावश्यक खानेपानीको व्यवस्थाको निमित्त आवश्यक व्यवस्थाको लागि कामहरू अघि बढाइउने छौँ । महिला, युवा, बालबालिका अपाङ्गता भएका एवम् जेष्ठ नागरिक र नगरका समग्र विकासमा भक्तपुर नपा कटिवद्ध भएर न.पा.को क्षमताअनुसार जनतासँग सहकार्य गर्दै अघि बढ्दै भ.न.पा.को उत्कृष्ट कामलाई अर्को उचाइमा पुऱ्याउने विश्वास दिलाउन चाहन्छु ।

**उपस्थित दाजुभाइ तथा दिदीबहिनीहरू,**

यहाँहरू सम्पूर्णले गएको कार्यकालमा भक्तपुर नगरपालिकाले गरेका कामहरूमा प्रत्यक्ष/अप्रत्यक्ष साथ दिनुका साथै आ-आफ्नो क्षेत्रबाट अमूल्य सुझावहरू दिनु भई हामी जनप्रतिनिधिहरूको हौसला बढाई साथ दिनु भएकोमा हामी भक्तपुर नगरपालिका परिवार यहाँहरूप्रति धन्यवाद एवम् आभार व्यक्त गर्न चाहन्छौँ ।

भक्तपुर नगरपालिको यस १२ औँ गरिमामय नगर सभाको उद्घाटन समारोहमा फेरि एकपल्ट प्रमुख अतिथि, विशेष अतिथि एवम् सभाका अतिथिज्यूहरूलाई स्वागत गर्दै आउँदा दिनहरूमा यहाँहरू सम्पूर्णको सक्रिय सहभागिताको अपेक्षा राख्दै बिदा हुन्छ । धन्यवाद !

(मिति २०७९ असार ८ गते)

# दोस्रो दिन – २०७९ असार ९ गते, बिहिबार



बैठक आरम्भ गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख एवम् सभाध्यक्ष **सुनिल प्रजापति**ले बिहीबार बसेको बाह्रौं नगरसभाको बैठकबाट भक्तपुर नगरपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित भएको जानकारी दिनुभयो।

सभामा नगर प्रमुख प्रजापतिले नीति तथा कार्यक्रममाथि छलफलमा उठेका जिज्ञासाहरूबारे प्रष्ट पार्नुहुँदै सभाबाट आएका सुझावहरू सकारात्मक रहेको बताउनुभयो।

उहाँले हनुमन्ते खोला र कासन खोला तथा विभिन्न घाटहरूको सुधार गर्न प्रयासरत रहेको बताउनुहुँदै हनुमानघाट सुधारको गुरुयोजना तयार भइसकेको जानकारी गराउनु भयो।

प्रमुख प्रजापतिले सम्पदा पुनःनिर्माण र संरक्षण आफैमा एउटा विकास भएको बताउनुहुँदै 'हाम्रो सम्पदा नै हाम्रो सम्पत्ति' हो र नगरका ऐतिहासिक पोखरी जीर्णोद्धार र संरक्षणले नगरको सौन्दर्यलाई अभिवृद्धि गरेको बताउनुभयो।

नीति तथा कार्यक्रममाथि भएको छलफलमा सभासद् **हरिरत्न गोर्खाली**ले विद्यालयहरूमा नागरिक भावना जगाउन नैतिक तथा व्यवहारिक शिक्षा प्रदान गर्ने व्यवस्था हुनुपर्ने, गृहिणी महिलाहरूलाई घरेलु मेशिनरी सामानहरूको मर्मतसम्बन्धी तालिम प्रदान



गर्नुपर्ने, नगरमा प्रभातकालीन तथा सन्ध्याकालीन विचरण पार्क निर्माण गर्नुपर्ने, नगरवासीहरूले नपामा अनलाईन निवेदन र अनलाईन कर दाखिला गर्नसक्ने व्यवस्था मिलाउनुपर्ने, नगर क्षेत्रमा जथाभावी छाडिएका कुकुरहरू, दोपाया तथा चौपायाको उचित व्यवस्थापन गर्नुपर्ने, जगन्नाथ क्षेत्रको पुरातात्त्विक उत्खनन कार्यलाई अगाडि बढाउनुपर्ने, नदी किनारमा रहेका नगरभित्रका सांस्कृतिक सम्पदाका घाटहरूलाई मौलिक शैलीमा पुनःनिर्माण र मर्मत गर्नुपर्ने, सांस्कृतिक महत्त्व बोकेका सम्पदाको रूपमा रहेका पुराना निजी घरहरू पुनःनिर्माणमा समस्या देखिएकोले आवश्यक कानुन बनाई संरक्षण गर्नुपर्ने, सहकारी संस्थाहरूलाई 'एक सहकारी एक क्षेत्र सरसफाइ' र सार्वजनिक बत्ती जडानको जिम्मेवारी दिनुपर्ने, नगरपालिकाभित्रका सहकारी संस्थाहरूलाई व्यवस्थित गर्न सहकारी शाखालाई व्यवस्थित गर्दै कर्मचारी थप गर्नुपर्ने, नियम विपरीत स्थानीय तहमा दर्ता नगरी सञ्चालन गरिएका बहुउद्देश्यीय सहकारी संस्था र गैर समुदायमा आधारित बजारिया सहकारी संस्थाहरूलाई बन्द गराउने नीति लिनुपर्ने र विगतका कार्यकालमा अधुरा नीति तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनुपर्ने जस्तैः नगर परिक्रमा गर्ने यातायात सेवा सञ्चालन गर्नुपर्ने लगायतको सुझाव दिनुभयो।



सभासद् **इन्द्रबहादुर प्याठ**ले भक्तपुर नगरपालिकालाई शिक्षा, स्वास्थ्य र संस्कृतिको केन्द्रका रूपमा विकास गरी नागरिक भावनासहितको विशिष्ट पहिचान बोकेको सांस्कृतिक नगर बनाउँदा पुरानो नगर क्षेत्र बाहिर आधुनिक भौतिक संरचना र आधुनिक सुविधासहितको वाह्य शहरी क्षेत्रको विस्तारका लागि नीति बनाई लागू गर्नुपर्ने, भनपाको नक्सा शाखामा प्रष्ट नियम, प्रक्रिया, कुन प्रयोजनको लागि कस्ता कागजहरू संलग्न गर्ने स्पष्ट बताई परामर्श र दर्ता शाखामार्फत व्यवस्था गरी सेवाग्राहीहरूलाई निश्चित समयपछि कार्यसम्पन्न गरी व्यवस्थापन गर्न 'विन्डो सिस्टम' लागू गर्नुपर्ने, भनपामा अन्य क्षेत्रका आगन्तुकहरू प्रवेश गर्ने नाकाहरूमा

भक्तपुरको पहिचान झल्किने स्मारक सहितको हरियाली क्षेत्र बनाउनुपर्ने सुझाव दिनुभयो ।



सभासद् **मन्जुमैँया लाखा**ले नीति तथा कार्यक्रममाथिको छलफलमा सुझाव दिनुहुँदै विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयहरूमा ईसीडी शिक्षकको कोटा बढाउनुपर्ने, पूर्व प्राथमिक र प्राथमिक तहमा शिक्षक कोटा व्यवस्थापन गर्नुपर्ने, १०० शय्याको ख्वप अस्पतालको सेवा सुविधा र जनशक्ति तयार गर्न उच्च शिक्षामा दिइँदै आएको छात्रवृत्ति रकम बढाउनुपर्ने, स्थानीय पाठ्यक्रमको शिक्षण सिकाइ प्रभावकारी बनाउन पाठ्यक्रमका साथसाथै पाठ्यपुस्तकको विकास गर्नुपर्ने, फोहोर व्यवस्थापन गर्न E-Waste Management को व्यवस्था गर्नुपर्ने, महिला लक्षित सीपमूलक तालिम सञ्चालन गर्नका साथै सहकारी संस्थासँग समन्वय गरी लघुवित्त मार्फत् महिलाहरूलाई सहुलियत ऋण दिई महिला उद्यमी र व्यवसायीकरणलाई जोड दिनुपर्ने सुझाव दिनुभयो ।



सभासद् **श्यामसुन्दर माता**ले वाल विकास शिक्षकको पारिश्रमिक वृद्धि गर्नुपर्ने, नःपुखूको वातावरण सुधार कार्यलाई प्राथमिकतामा राख्नुपर्ने, हनुमन्ते करिडोर अन्तर्गत राममन्दिरदेखि बाराहीस्थान मंगलतीर्थसम्म पर्खाल बनाउन प्राथमिकता दिनुपर्ने, शहिद स्मृति खेल मैदान निर्माण गर्न बजेट विनियोजनका साथै निर्माण कार्य अगाडि बढाउनुपर्ने, भक्तपुर पेपर क्राफ्टलाई सन् २०८२ भित्र नवीकरण गरी सांस्कृतिक प्रतिष्ठान निर्माण गर्न सहजीकरण गर्नुपर्ने, कर्मचारीहरूको वृत्ति विकास तथा जनताप्रति उत्तरदायी बनाउनुपर्ने, नीति तथा कार्यक्रममा स्विमिङ पुल निर्माण समावेश गर्नुपर्ने सुझाव दिनुभयो ।



त्यस्तै सभासद् **कृष्णगोपाल चौगुठी**ले भनपा वडा नं. ३ स्थित बाराही पुलमा वर्षाको समयमा पानी पर्दा आवत-जावतलगायत खोला वरिपरिका किसानहरूको खेतीपातीमा नोक्सानी भएको हुँदा सो पुल निर्माण यथाशिघ्र सम्पन्न गरी जनतालाई सहजता प्रदान गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **कृष्णनारायण**



**दुमरु**ले भक्तपुर नगरभित्रका प्राचीन सम्पदाहरू मठ, सत्तल, पाटी, पौवा, ढुङ्गेधारा, इनार, चैत्य, पोखरी आदिको अभिलेख राख्नुपर्ने, प्रत्येक वडामा सडक बत्तीको मर्मत सम्भारको लागि वडा कार्यालयलाई जिम्मेवारी दिनुपर्ने, नगरकोटस्थित खानेपानी मुहानसँगै वन मासेर गैरजिम्मेवारीपूर्वक काम गर्नेहरूलाई कानुनी कारबाहीको लागि पहल गर्नुपर्ने, नपाको नक्सा पासमा अनलाइन मार्फत अगाडि बढाउनुपर्ने सुझाव दिनुभयो ।



सभासद् **हेरा ख्याजु**ले भनपा-७ स्थित हनुमानघाटको सांस्कृतिक एवं ऐतिहासिक महत्त्वलाई ध्यानमा राखी हनुमानघाट सुधारको गुरुयोजना बनाई सम्पदा संरक्षण गर्नुपर्ने, हनुमानघाट र माहेश्वरीघाट वरिपरि रहेको अव्यवस्थित निजी वधशालाहरूलाई व्यवस्थित गर्नुपर्ने, सहुलियत दरमा कृषि ऋणको व्यवस्था गर्नुपर्ने, कृषि विशेषज्ञ वा कृषि प्राविधिक नियुक्ति गरी किसानहरूलाई कृषि परामर्श दिन परामर्श केन्द्र स्थापना गर्नुपर्ने, भक्तपुरको स्थानीय सीप तथा उत्पादनलाई आय आर्जनको श्रोतको रूपमा विकास गर्न प्रत्येक ५ वर्षको एक पटक भक्तपुर महोत्सव गर्नुपर्ने, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकासको लागि तालिम र अवलोकन भ्रमणको व्यवस्था गर्नुपर्ने, निजी घरमुनि सार्वजनिक पाटी, भजन घर भएका निजी घरहरूलाई नक्सा पास र करको छुट्टै रणनीति हुनुपर्ने, सामुदायिक विद्यालयहरूमा भौतिक पूर्वाधारहरूको निर्माणमा जोड दिनुपर्ने, कार्यरत

शिक्षकहरूलाई विषयगत तालिमहरू प्रदान गर्नुपर्ने, केही सामुदायिक विद्यालयहरूलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्नुपर्ने, भनपा-७ स्थित वाल सेवक आधारभूत विद्यालयलाई स्थानान्तरणको लागि जग्गा प्राप्तीको निवेदन पेश भएकोमा कारबाही नभएकोले यथाशक्य छिटो स्थानान्तरणको व्यवस्था मिलाउनुपर्ने सुझाव दिनुभयो ।



सभासद् **पुरुषोत्तम तमख**ले भनपा-४ मंगलाछेंस्थित 'न्हुछे' भन्ने मल्लकालीन तक्सार कार्यालय रहेको कलात्मक घरलाई नपाले खरिद गरी संरक्षण गर्ने नीति बनाउनुपर्ने, तालाकोस्थित तालादम्फो र इखालाछि मठभित्र रहेको व्यक्तिगत घरहरूलाई उचित मुआब्जा दिई स्थानान्तरण गर्नुपर्ने, गोरखनाथ मन्दिर रहेको भक्तपुरको मौलिक र ऐतिहासिक तालादम्फो स्थानलाई पर्यटकीय स्थलको रूपमा विकास गर्नुपर्ने, नपामा गठित विभिन्न समितिहरूबाट नपाको सम्बन्धित शाखामा दैनिक ड्युटी गर्ने व्यवस्था मिलाउनुपर्ने, ऐतिहासिक एवं सांस्कृतिक स्थल राममन्दिर र मंगलतीर्थ वर्सेनी डुबानमा परेको र जनताको धनजनको क्षति भइरहेको हुँदा डुबान क्षेत्रलाई व्यवस्थापन गर्न पहल हुनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **नारायणप्रसाद त्वानाबासु**ले सम्पदा संरक्षण अन्तर्गत जगनाथ क्षेत्र उत्खनन गर्न त्यस क्षेत्रमा रहेका घरहरूलाई अन्य ठाउँमा जग्गा सट्टापट्टा गर्ने प्रकृया अगाडि बढाउनुपर्ने,



खुला व्यायामशालाहरूलाई स्तरोन्नतिका साथै मर्मत सम्भार गर्नुपर्ने र व्यायाम उपकरण प्रयोग गर्ने विधि र यसका फाइदासहितको फ्लेक्स बोर्डको व्यवस्था गर्नुपर्ने, नगरवासीहरूलाई कम्पोष्ट मल बनाउने तथा सफाइ मजदुरहरूलाई बोलीवचन र शिष्ट व्यवहार सम्बन्धी तालिम दिनुपर्ने, फोहोर व्यवस्थापनको लागि जग्गाको बन्दोबस्त गरी दीर्घकालीन व्यवस्थापन गर्नुपर्ने, मेलम्चीको पानीको समान वितरणमा लागि केयुकेएलसँग समन्वय गरी पानी चुहिएको स्थानहरूको मर्मत गर्नुपर्ने, भनपाबाट प्रकाशित पर्यटकहरूलाई दिइने ब्रोसरमा चण्डेश्वरी पथ नक्साङ्कन गरी समावेश गर्नुपर्ने सुझाव दिनुभयो ।



सभासद् **सूर्यप्रसाद श्रेष्ठ**ले हनुमन्ते खोला किनारमा फोहोर थुपार्ने कार्यलाई रोक लगाई फोहोर व्यवस्थापनको लागि वैकल्पिक व्यवस्था गर्नुपर्ने, हनुमन्ते खोला सुधारको लागि खोला फराकिलो गर्ने नीति ल्याउनुपर्ने, आर्थिक अवस्था कमजोर भएका, बिरामी र अशक्त किसानहरूको जीवन निर्वाहको लागि आर्थिक सहयोग गर्ने नीति ल्याउनुपर्ने, सहकारी संस्था र नगरपालिकासँग समन्वय गरी किसानको निमित्त आवश्यक रसायनिक मल, कृषि औजार, किटनाशक ओषधी, बीऊ बीजन समयमा उपलब्ध गराउने व्यवस्था हुनुपर्ने, असगालमा रहेको भार्वाचो गेट, चौकी, अजिमा फल्चा र ढुङ्गे धारा पुन:निर्माण गर्नुपर्ने र नगरभित्र कृषि उत्पादन हुने जग्गा कम हुँदै गइरहेकोले कृषि योग्य जमीनमा निजी प्लानिङ्ग गर्ने कार्यमा रोक लगाउनुपर्ने सुझाव दिनुभयो ।



सभासद् **गोविन्द दुवाल**ले भनपा-६, देकोचामा अरनिको सभाभवन निर्माण गर्ने योजना विगतको नीति तथा कार्यक्रम अधुरो भएको हुँदा अविलम्ब नेपाल सरकारसँग समन्वय गरी पुन:निर्माण अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

नीति तथा कार्यक्रममा उठेका जिज्ञासाहरूमाथि सभाध्यक्ष **प्रजापति**ले प्रष्ट पार्नुभयो । सभाध्यक्षले नीति तथा कार्यक्रम पारित गर्नको लागि सभा समक्ष प्रस्ताव राख्नुभयो । सभाले सर्वसम्मतिले **भक्तपुर नगरपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम** पारित गऱ्यो ।

सभाध्यक्षले नगरसभाको अर्को बैठक असार १० गते शुक्रबार बिहान ७:३० बजे बस्नेगरी बैठक स्थगित गर्नुभयो । **सभाध्यक्ष**ले सो बैठकमा भक्तपुर नगरपालिकाको आ.व. २०७९/८० को बजेट प्रस्तुत गरिने कार्यक्रम रहेको जानकारी समेत गराउनुभयो ।

# तेस्रो दिन – २०७९ असार १० गते, शुक्रबार

बाह्रौं नगरसभाको तेस्रो दिन बैठकको शुरुवात गर्नुहुँदै नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाको आ.व. २०७९/९० को बजेट सभामा पेश गर्नुहुन उपप्रमुख **रजनी जोशी**लाई समय प्रदान गर्नुभयो। उपप्रमुख **जोशी**ले आ.व. २०८९/९० को भक्तपुर नगरपालिकाको कूल रु २ अर्ब १८ करोड ४२ लाख ४२ हजारको अनुमानित आय–व्ययसहितको बजेट सभामा पेश गर्नुभयो।



## बजेट वक्तव्यको पूर्णपाठ

**सभाध्यक्षज्यू एवं सभासदज्यूहरू,**

– आगामी आ.व. २०७९।०८० को भक्तपुर नगरपालिकाको अनुमानित बजेट बाह्रौं नगरसभाको बैठकमा पेश गर्न पाउँदा गौरवान्वित ठानेको छु।



– सर्वप्रथम, विभिन्न जनआन्दोलन र सङ्घर्षहरू मार्फत जनताको अधिकार सुनिश्चित गर्ने क्रममा जीवन उत्सर्ग गर्नुभएका प्रातः स्मरणीय शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै जनआन्दोलनमा घाइते हुनुभएका, प्रवास र भूमिगत भएर राजनैतिक र सामाजिक परिवर्तनमा महत्त्वपूर्ण योगदान गर्नुभएका योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

– स्थानीय तह निर्वाचन २०७९ मा नेपाल मजदुर किसान पार्टीको तर्फबाट निर्वाचित हामी जनप्रतिनिधिहरूले नगरवासीहरूमाझ चुनावी घोषणापत्रमार्फत प्रतिबद्धता व्यक्त गरे अनुसार निरन्तर जनताको सेवामा लागिरहेका छौं। ऐतिहासिक एवम् विश्व सम्पदामा सूचीकृत नगर भक्तपुरलाई सफा, सुन्दर, स्वस्थ र सभ्य नगरको रूपमा विकास गर्ने तथा शिक्षा र स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखी 'पुर्खाले सिर्जेको सम्पति, हाम्रो कला र सस्कृति' भन्ने नाराका साथ भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र र आन्तरिक एवं बाह्य पर्यटकहरूका लागि उत्कृष्ट गन्तव्यस्थल बनाउने लक्ष्य राखेका छौं।

– भक्तपुर नपा शिशुस्याहार केन्द्रदेखि विश्वविद्यालयसम्म व्यवस्थित तरिकाले सञ्चालन गर्ने र भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गर्ने लक्ष्यका साथ अघि बढिरहेको छ। नगरपालिकाद्वारा सञ्चालित विभिन्न शिक्षण संस्थाहरूबाट अनुसन्धानहरू गराउँदै जाने उद्देश्य लिएका छौं।

– नगरवासीहरूको स्वास्थ्य सेवाको लागि २५ शय्याको ख्वप अस्पताललाई १०० शय्या स्वीकृति प्राप्त भइसकेको यस सभामा जानकारी गराउन चाहन्छु। अबका दिनहरूमा आधुनिक स्वास्थ्य सुविधासहित आवश्यकताअनुसार विशेषज्ञको सेवा र प्रसूति सेवा सञ्चालन गरिनेछ।

– नगरपालिकाको सीमित स्रोतमा बढ्दो जनसङ्ख्या वृद्धिसँगै खानेपानीको आपूर्तिलाई पनि नगरपालिकाले विशेष जोड दिँदै आएको छ। खानेपानीको मुहान क्षेत्र नगरकोटलाई जलाधार क्षेत्र घोषणा गराउन प्रयास गरिनेछ। साथै मेलम्चीको पानी नगरवासीहरूको घर–घरमा वितरण गर्ने व्यवस्था मिलाइनेछ। पानीको अभाव कम गर्न आकाशे पानी सङ्कलन विधिलाई प्रोत्साहित गरिनेछ।

**सभाध्यक्ष महोदय,**

यस सम्मानित नगरसभामा आर्थिक वर्ष २०७८/७९ को लागि नगरपालिकाले विनियोजन गरेको वार्षिक आय र व्ययको यथार्थ विवरण निम्नानुसार प्रस्तुत गर्दछु –

### आयतर्फ

यस नगरपालिकाको चालु आ.व. को लागि कूल बजेट रु. १ अर्ब ९३ करोड २० लाख आम्दानी हुने अनुमान

गरिएकोमा २०७९ जेठ मसान्तसम्ममा यथार्थ आम्दानी जम्मा रु. १ अर्ब १४ करोड ६० लाख (५९.३२ प्रतिशत) भएको छ।

## व्ययतर्फ

चालू आ.व. को ०७८/७९ को लागि चालुतर्फ रु. १ अर्ब १० करोड २२ लाख १७ हजार २ सय विनियोजन गरिएकोमा २०७९ जेठ मसान्तसम्ममा यथार्थ खर्च रु. ८० करोड १८ लाख ४३ हजार (७२.७५ प्रतिशत) भएको छ।

पुँजीगततर्फ रु. ८२ करोड ९७ लाख ८२ हजार ८ सय विनियोजन गरिएकोमा २०७९ जेठ मसान्तसम्ममा यथार्थ खर्च रु. ४० करोड १३ लाख २२ हजार (४८.३६ प्रतिशत) भएको छ।

चालू आ.व.मा कूल रु. १ अर्ब ९३ करोड २० लाख खर्च हुने अनुमान गरिएकोमा जेठ मसान्तसम्मको यथार्थ खर्च रु. १ अर्ब २० करोड ३१ लाख ६५ हजार भई ६०.५५ प्रतिशत यथार्थ खर्च भएको छ। चालू आ.व. को असार मसान्तसम्ममा कूल खर्च ७१.५९ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ।

**सभाध्यक्ष महोदय,**

यस सम्मानित नगरसभामा आर्थिक वर्ष २०७९/०८० को लागि नगरपालिकाको वार्षिक अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## आयतर्फ

नगरपालिकाको आफ्नै स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान रकम साथै ऋण सापटी र नगरपालिकाको जग्गा बिक्रीसमेत गरी **आ.व. २०७९/०८० को लागि कूल रु. २ अर्ब १८ करोड ४२ लाख ४२ हजार आय अनुमान** गरिएको छ।

त्यसमध्ये बाह्य स्रोतबाट जम्मा रु. १ अर्ब ६४ करोड ७७ लाख २६ हजार आम्दानी हुने अनुमान गरिएको छ। सङ्घीय सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र अन्य अनुदान शीर्षकमा रु. ६५ करोड ४४ लाख प्राप्त हुने अनुमान गरिएको छ। सामाजिक सुरक्षा भत्तावापत रु. ५० करोड आम्दानी हुने अपेक्षा गरिएको छ।

बागमती प्रदेश सरकारबाट यस नगरपालिकामा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान शीर्षकमा जम्मा रु. ८ करोड ९ लाख ३२ हजार प्राप्त हुने अनुमान गरिएको छ।

सङ्घ तथा प्रदेश सरकारबाट मूल्य अभिवृद्धि कर, सवारी कर र मालपोतवापत राजश्व बाँडफाँडबाट रु. १७ करोड २३ लाख ९४ हजार प्राप्त हुने अनुमान गरिएको छ।

नगरपालिकाबाट सञ्चालित देका-मिवा-इतापाके जग्गा एकीकरण आयोजना समयमै सम्पन्न गर्न रु. २० करोड ऋण प्राप्त हुने अनुमान गरिएको छ।

आन्तरिक आयतर्फ नगरवासीहरूबाट विभिन्न शीर्षकमा कर दस्तुरवापत उठ्ने रकम, व्यवसाय कर, पर्यटकहरूबाट उठ्ने रकम र जग्गा बिक्रीबाट समेत गरी कूल रु. ४६ करोड ८१ लाख प्राप्त हुने अनुमान गरिएको छ।

## व्ययतर्फ

१. २०७९ असार ९ गते नगरसभाबाट पारित गरिएको नीति तथा कार्यक्रमको आधारमा चालू र पुँजीगत खर्च गरी निम्न शीर्षकहरूमा रु. २ अर्ब १८ करोड ४२ लाख ४२ हजारको कूल बजेट विनियोजन गरिएको छ।
२. सङ्घीय सरकारको चालू खर्चतर्फ विभिन्न शीर्षकमा ३५ करोड ६५ लाख रुपैयाँ, सामाजिक सुरक्षा भत्तामा ५० करोड रुपैयाँ र बागमती प्रदेश सरकारको तर्फबाट ३१ लाख २२ हजार रुपैयाँ र विभिन्न समितिहरूको खर्च ६ करोड १९ लाख रुपैयाँ विनियोजन गरिएको छ। आन्तरिक तर्फ चालू खर्चको लागि ४९ करोड ७९ लाख २० हजार रुपैयाँ गरी चालू खर्चका लागि कूल रु. १ अर्ब ४२ करोड ८४ लाख ४२ हजार विनियोजन गरिएको छ।
३. वित्तीय खर्च तर्फ रु. ४ करोड ६० लाख विनियोजन गरिएको छ।
४. पुँजीगततर्फ रु. ७० करोड ९८ लाख विनियोजन गरिएको छ।
५. १०० शय्याको स्वीकृति प्राप्त ख्वपः अस्पताल भवन निर्माण अन्तिम चरणमा छ। यसै आर्थिक वर्षमा निर्माणको काम पूरा गरी सुविधा सम्पन्न 'जनताको अस्पताल' सञ्चालन गर्न रु. ८ करोड विनियोजन गरिएको छ।
६. नगरपालिकाद्वारा सञ्चालित देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजना समयमै सम्पन्न गर्न २० करोड रुपैया विनियोजन गरिएको छ।
७. निर्वाचन घोषणापत्रमा उल्लेख भए बमोजिम नगरवासी ज्येष्ठ नागरिकहरूलाई स्वस्थ वातावरणमा हेरचाह र संरक्षणको लागि वडा नं. ६ स्थित अँचा पोखरी परिसरमा आदर निकेतन सञ्चालन गर्न ५० लाख

रुपैयाँ विनियोजन गरिएको छ।

८. वडा नं. २ स्थित शहीद स्मृति खेल मैदानमा कभर्ड हल निर्माणको लागि १ करोड रुपैया, वडा नं. ७ स्थित महेश्वरी खेलमैदानको लागि १ करोड रुपैयाँ, वडा नं. १० स्थित बेखाल कभर्ड हल निर्माण सम्पन्न गर्न ३ करोड रुपैयाँ तथा खेलकुद पूर्वाधार, प्रशिक्षण तथा प्रतियोगिता सञ्चालन समेत गर्न जम्मा ६ करोड १ लाख रुपैयाँ विनियोजन गरिएको छ।

९. नगर प्रवेश गर्ने पुलहरू जीर्णोद्धार एवम् पुनःनिर्माण कार्यलाई निरन्तरता दिई बाराही पुल यस आ.व.मा सम्पन्न गर्ने गरी रु. ३ करोड विनियोजन गरिएको छ।

१०. नगरमा खानेपानी फिल्ट्रेसन, ट्यांकी निर्माण तथा खानेपानी पाइप सुधार कार्यका लागि लिवाली आवास योजना र कमल विनायक आवास योजनामा खानेपानी व्यवस्था गर्न रु. ५० लाख विनियोजन गरिएको छ। नगरवासीहरूलाई खानेपानी सुविधा उपलब्ध गराउन रु. १ करोड २५ लाख विनियोजन गरिएको छ।

११. नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूसँग सहकार्य गरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्न र युवा उद्यमशील ऋण तर्फ रु. १ करोड विनियोजन गरिएको छ ।

१२. क्यान्सर, मुटु, मृगौला, मस्तिष्कघात तथा मेरुदण्ड पक्षघात (स्पाइनलकर्ड इन्ज्युरी) जस्ता कडा तथा दीर्घरोग भएका नगरवासी बिरामीहरूलाई प्रतिव्यक्ति रु. १५ हजारका दरले सहयोग गर्दै आएको कार्यक्रमलाई निरन्तरता दिन रु. ४० लाख विनियोजन गरिएको छ।

१३. क्यान्सर, मृगौला रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरूलाई मासिक रु. ५ हजारको दरले उपचार खर्च भत्ता व्यवस्थाको लागि रु. ९० लाख विनियोजन गरिएको छ।

१४. नगरवासी किसानहरूद्वारा उत्पादित वस्तुको सुरक्षा र व्यवस्थापनका लागि वडा नं. ८ लिवालीमा चिस्यान केन्द्र निर्माण गर्न रु. १ करोड तथा वडा नं. ५ मा तरकारी बजार निर्माण सम्पन्न गर्न रु. ४० लाख विनियोजन गरिएको छ।

१५. नगरभित्रका सामुदायिक विद्यालयहरूमा बालविकास सहजकर्ता (ईसीडी) शिक्षकहरूको कार्य मूल्याङ्कन गरी थप पारिश्रमिकको बन्दोबस्त गरिएको छ।

१६. नगरपालिकाका कर्मचारीहरूको स्वास्थ्य उपचार कोषको व्यवस्थालाई निरन्तरता दिइएको छ।

१७. नगरपालिकाबाट सञ्चालित क्रमागत विकास योजनाहरू सम्पन्न गर्न ८ करोड १३ लाख रुपैयाँ विनियोजन गरिएको छ। सङ्घीय तथा बागमती प्रदेश सरकारबाट समपूरक र विशेष अनुदानअन्तर्गत छनौट गरिएका योजनाहरूका लागि १० करोड ७५ लाख रुपैयाँ विनियोजन गरिएको छ। सम्पदा पुनः निर्माण अन्तर्गतका क्रमागत योजनाहरू सञ्चालनका लागि रु. ३ करोड विनियोजन गरिएको छ।

१८. थंथु दरबार पुनःनिर्माण, सांस्कृतिक सङ्ग्रहालय निर्माण, कोसेली घरलगायत वडा वडाका सम्पदाहरू पुनःनिर्माण र संरक्षणको लागि रु. ६ करोड विनियोजन गरिएको छ ।

१९. चिकित्साशास्त्र, इन्जिनियरिङ, व्यवस्थापन, मानविकी, शिक्षाशास्त्रलगायतका विषयहरूमा उच्च शिक्षा अध्ययन गर्न चाहने र अध्ययरत नगरवासी विद्यार्थीहरूका लागि नगरपालिकाले विगत वर्षदेखि शैक्षिक ऋण वितरण गर्दै आएकोमा यो वर्ष ऋणको सीमा वृद्धि गर्दै २ करोड रुपैयाँ विनियोजन गरिएको छ। शिक्षाशास्त्र संकायमा उच्च शिक्षा अध्ययन गरी शिक्षक बन्न चाहने नगरवासीहरूको लागि विशेष व्यवस्था गरिएको छ ।

२०. भक्तपुरको वास्तुकला, चित्रकला, संस्कृति, इतिहास, वातावरण, सरसफाइ, पर्यटनलगायतका विषयमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई इन्टर्नसीपसँगै अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि अनुदान दिने र विश्वविद्यालय तहमा राजनीतिशास्त्र, इतिहास, भूगोल, नेपालभाषा, संस्कृति पढ्ने विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट छात्रवृत्तिको लागि बजेटको व्यवस्था गरिएको छ।

२१. पुरानो नगर क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई मोहडाका लागि इँटा, काठ र झिँगटीमा लाग्ने कूल लागत रकमको ३५ प्रतिशत नगरपालिकाको तर्फबाट अनुदान दिने कार्यक्रमलाई यो वर्ष पनि निरन्तरता दिइएको छ। यसका लागि ५० लाख रुपैयाँ विनियोजन गरिएको छ।

२२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरू एवं अन्य जनजागरण सम्बन्धी सूचनाहरू जनतासामु सम्प्रेषण गर्ने उद्देश्यले ख्वप टेलिभिजन सञ्चालनको लागि १ करोड रुपैयाँ विनियोजन गरिएको छ।

२३. पर्ती जग्गा संरक्षण तथा सिमाङ्कन, पार्किङ, कृषि उत्पादन वृद्धि गर्न माटो परीक्षण तथा सम्भाव्यता अध्ययन कार्यलगायतका लागि रु. ७० लाख विनियोजन

गरिएको छ ।

कूल बजेटको चालू खर्चतर्फ ६५.३९ प्रतिशत, पुँजीगत खर्चतर्फ ३२.५० प्रतिशत र वित्तीयतर्फ २.११ प्रतिशत विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

नगरपालिकाले आ.व. २०७९/८० का लागि प्राथमिकताका साथ बजेट विनियोजन गरेका शीर्षकहरू देहायबमोजिम रहेको सम्मानित नगरसभामा जानकारी गराउँदछु –

१. नगरपालिकाले शिक्षालाई प्राथमिकताका साथ अगाडि बढाइरहेको सर्वविदितै छ । शिक्षा तथा संस्कृति क्षेत्रमा ४२ करोड ४४ लाख ८ हजार रुपैयाँ (१९.४३ प्रतिशत) विनियोजन गरिएको छ ।
२. नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालका लागि अनुदानवापत रु ८ करोड, वडा वडामा प्राथमिक स्वास्थ्य उपचार केन्द्र निर्माणका लागि रु. २ करोड ८३ लाख २० हजार (४.९५ प्रतिशत) विनियोजन गरिएको छ ।
३. नगरपालिकाभित्रका सम्पदाहरू जोगाई नयाँ पुस्तामा हस्तान्तरण गर्नको लागि सम्पदा संरक्षणमा रु. ९ करोड (४.१२ प्रतिशत) विनियोजन गरिएको छ ।
४. भौतिक पूर्वाधार निर्माणका लागि रु. ३९ करोड ४८ लाख (१८.०७) विनियोजन गरिएको छ ।
५. फोहोरमैला व्यवस्थापन तथा वातावरण सुधार क्षेत्रमा रु. १३ करोड ५० लाख (६.१८ प्रतिशत) विनियोजन गरिएको छ ।
६. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण क्षेत्रमा ५१ करोड ६८ लाख रुपैयाँ (२३.६६ प्रतिशत) विनियोजन गरिएको छ ।
७. युवा तथा खेलकुद क्षेत्रमा ६ करोड १ लाख ९९ हजार रुपैयाँ विनियोजन गरिएको छ ।
८. कृषि औजार एवम् बीऊ विजनका लागि कृषि क्षेत्रमा २ करोड ७ लाख रुपैयाँ विनियोजन गरिएको छ ।
९. प्रशासनिक व्यवस्थापनको लागि रु. ३८ करोड ८६ लाख ६३ हजार विनियोजन गरिएको छ ।
१०. वित्तीयतर्फ रु. ४ करोड ६० लाख विनियोजन गरिएको छ ।

भक्तपुर नगरपालिकाले प्रस्ताव गरेका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दा सङ्घ र प्रदेशका कार्यक्रमहरूसँग दोहोरो नपर्ने गरी पारदर्शी एवं जवाफदेही ढङ्गबाट कार्यान्वयनको व्यवस्था गरिएको छ । यस नगरपालिकामा काम गर्न इच्छुक सङ्घ–संस्था तथा विकास साझेदारहरूबाट प्राप्त सहयोग रकमलाई नगरपालिकामार्फत नै एकद्वार प्रणालीबाट कार्यान्वयनको व्यवस्था मिलाइएको छ ।

आ.व. २०७९।८० का लागि यस नगरपालिकाको आर्थिक विधेयक २०७९, विनियोजन विधेयक २०७९, स्वीकृत योजनाहरू र कर दस्तुरको विस्तृत विवरण अनुसूचीहरूमा समावेश गरिएको छ ।

यस वर्ष करको दर वृद्धि नगरी करको दायरालाई मात्र बढाएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**अन्त्यमा,**

आ.व. २०७९।८० का लागि यस नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट निर्माणको क्रममा आफ्नो अमूल्य सुझाव दिनुहुने सम्पूर्ण नगरवासी, सङ्घसंस्था तथा कार्यालयहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । सभामार्फत प्रस्तुत बजेट र कार्यक्रम पारित गरी प्रभावकारी कार्यान्वयनको लागि सभासद्ज्यूहरूबाट रचनात्मक सल्लाह सुझावको अपेक्षासहित यो बजेट मन्तव्य अन्त्य गर्दछु ।

**बजेट प्रस्तुति पश्चात सभाध्यक्ष प्रजापतिले १० मिनेटको लागि सभा स्थगित भएको जानकारी गराउनुभयो ।**

बैठक पुनः सञ्चालन गर्नुहुँदै सभाध्यक्ष **प्रजापति**ले उपप्रमुख **रजनी जोशी**लाई **'भक्तपुर नगरपालिकाको आर्थिक विधेयक, २०७९'** सभामा पेश गर्न समय प्रदान गर्नुभयो । उपप्रमुख **जोशी**ले उक्त विधेयक सभामा पेश गर्नुभयो । सभाध्यक्ष प्रजापतिले **'भक्तपुर नगरपालिकाको आर्थिक विधेयक, २०७९'** सभामा छलफलको लागि स्वीकृति प्रदान गर्न प्रस्ताव पेश गर्नुभयो र सभाबाट उक्त प्रस्ताव छलफलको लागि स्वीकृत भएको घोषणा गर्नुभयो ।

सभाध्यक्ष **प्रजापति**ले उपप्रमुख **रजनी जोशी**लाई **'भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०७९'** सभामा पेश गर्न समय प्रदान गर्नुभयो । उपप्रमुख **जोशी**ले उक्त विनियोजन विधेयक सभामा पेश गर्नुभयो । सभाध्यक्ष प्रजापतिले **'भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०७९'** सभामा छलफलको लागि स्वीकृति प्रदान गर्न प्रस्ताव पेश गर्नुभयो । सभाध्यक्षले सभाबाट उक्त प्रस्ताव छलफलको लागि स्वीकृत भएको घोषणा गर्नुभयो ।

सभाध्यक्ष **प्रजापति**ले अर्को बैठक २०७९ असार १२ गते आइतबार दिनको १:०० बजेसम्म बस्ने सभा समक्ष जानकारी गराउनुभयो ।

# चौथो दिन - २०७८ असार १२ गते, आइतबार




बाह्रौं नगरसभाको चौथो दिनको नगरसभा शुरुवात गर्नुहुँदै प्रमुख **सुनिल प्रजापति**ले सभामा विशेष समय प्रदान गर्नुभयो । विशेष समयमा बोल्न चाहने सभासद्‌हरूलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।



विशेष समयमा बोल्नुहुँदै सभासद् **रामसुन्दर बासी**ले नेपालमा संसदबाट एमसीसी अनुमोदन भएको ४ महिना नहुँदै नेपाल एसपीपीमा जोडिने कुरा चीनका लागि संवेदनशील विषय भएको र चीनसँग सीमा जोडिने हिमाली क्षेत्रमा सैन्य तालिमलगायतका दीर्घकालीन असर पर्ने हुँदा नेपाल र अमेरिकाबीचको सैन्य साझेदारीले चीनलाई सशंकित बनाउने यो सम्झौता नेपालको असंलग्न परराष्ट्र नीतिको विरुद्धमा रहेको तथा नेपालको हितमा नहुने भएकोले सभाबाट एसपीपी सम्झौताको विरोध प्रस्ताव पारित गर्नुपर्ने सुझाव दिनुभयो ।



सभासद् **गंगालक्ष्मी बमनु**ले सिद्धपोखरी उत्तरतर्फ खुड्किलो भासिएको हुँदा तत्काल मर्मत गर्नुपर्ने, भक्तपुर नगरकै एउटामात्र वन क्षेत्र सल्लाघारीस्थित चोङ्गा गणेश क्षेत्रमा हरियाली प्रबर्द्धन गरी आकर्षक एवं नमुना वनक्षेत्र बनाउनुपर्ने, भाज्यापोखरीको दक्षिणतर्फ भक्तपुर बहुमुखी क्याम्पस अगाडि र पोखरीको पश्चिम दमकल र भेटेरीनरी शाखाबीचको बाटो विस्तार गरी दमकल र एम्बुलेन्स आवागमन हुने गरी व्यवस्था गर्नुपर्ने, इताछेँ (तँकोने) स्थित चोङ्गा गणेश मन्दिर वर्षाको कारणले गर्दा दलीनसमेत भासिएर बाटोमा हिँड्ने बटुवालाई लाग्न सक्ने भएकोले पुनःनिर्माण गर्नुपर्ने, भक्तपुर क्यान्सर अस्पतालदेखि हाकुफोहितिसम्म व्यवस्थित सडक पेटी बनाई वृक्षारोपण गर्नुपर्ने, नक्सापास प्रकृया मुद्दामा हुँदा हुँदै घर निर्माण गर्नेलाई रोक्नुपर्ने, पसल व्यवसायीहरूको फोहोर दिउँसो सङ्कलनको व्यवस्था हुनुपर्ने, इचाडोलको शौचालयलाई व्यवस्थित गर्नुपर्ने, भनपा-१ भार्वाचोस्थित २०५१ साल देखिनै वहुउद्देश्यीय भवन निर्माणको लागि आगामी वर्षको नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने सुझाव दिनुभयो ।



सभासद् **कल्पना शिल्पकार**ले भक्तपुर नगरमा आउनुहुने आन्तरिक तथा विदेशी पर्यटकहरूलाई ऐतिहासिक सिद्धपोखरी, रानीपोखरी, भाज्यापोखरी, नःपुखू, थथुवहि र कुथुवहि लगायत अन्य क्षेत्रमा घुम्नमिल्ने वातावरण मिलाउनुपर्ने, नगरभित्र घर भाडामा बस्नेहरूको विवरण तयार गरी घरभाडा करलगाई नपाको आयस्रोत वृद्धि गर्नुपर्ने, घरभाडामा बस्नेहरूको समस्या र पाउने सेवा सुविधा सम्बन्धमा घरधनीले व्यवस्था गरे नगरेको अनुगमन गर्नुपर्ने, आवागमनमा असर पर्ने गरी निर्माण सामग्री बाटोमा थुपार्नेहरूलाई

कारबाही गर्नुपर्ने, नगरभित्रका सडक पेटीमा रहेको अव्यवस्थित मोटरसाइकल पार्किङ्ग र घुम्ती पसललाई कारबाही गर्नुपर्ने सुझाव दिनुभयो ।



सभासद् **पुरुषोत्तम तमखु**ले भू-उपयोग नीति, २०७६ र भूउपयोग नियमावली, २०७९ सरकारबाट जारी भएकोमा सो नीतिअनुसार स्थानीय तहहरूले जग्गालाई कृषि क्षेत्र र आवास क्षेत्र तोक्नुपर्ने व्यवस्था रहेको हुँदा भनपा क्षेत्रभित्रको कृषि र आवास क्षेत्र तोकी कित्ताकाट गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्ने, नीति तथा कार्यक्रममा उल्लेखित देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजना क्षेत्रभित्र साविककै हिसावले २ आना २ पैसाको न्यूनतम जग्गा कित्ताकाट गरी फिर्ता दिने निर्णयलाई नीतिगत रूपमा कार्यान्वयन गर्न नगरसभाबाट प्रस्ताव पारित गरी सम्बन्धित निकायमा लेखी पठाउनुपर्ने सुझाव दिनुभयो ।



सभासद् **इन्द्रबहादुर प्याठ**ले ख्वप अस्पतालको इमर्जेन्सी शाखालाई थप व्यवस्थित गर्नुपर्ने, ब्रम्हायणीस्थित ख्वप अस्पतालमा फार्मेसी र क्यान्टेनको व्यवस्था गर्नुपर्ने, परम्परागत संस्कृतिलाई लोप हुनबाट जोगाउन परम्परागत बाजाहरूको मर्मत तालिमको व्यवस्था गर्नुपर्ने, सडक बत्ती व्यवस्थापनको लागि बजेट व्यवस्थापन तथा विद्युत प्राधिकरणसँग समन्वय गर्नुपर्ने, नगरकोटस्थित खानेपानी मुहानलाई जलाधार क्षेत्र घोषणाको लागि पहल गर्नुपर्ने सुझाव दिनुभयो ।



सभासद् **कृष्णगोपाल चगुठी**ले सल्लाघारीदेखि ब्रम्हायणीसम्मको ब्रम्हायणीघाट, माहेश्वरीघाट, हनुमानघाट, चुपिंघाट, रामन्दिरघाट र मंगलतीर्थघाट समेतलाई संरक्षण गर्न हनुमन्ते खोलाको दुवै तर्फको कोरिडोर सीमाङ्कन गरी रिटेनिङ्ग वाल लगाउनुपर्ने सुझाव दिनुभयो ।



सभासद् **हेरा ख्याजू**ले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँकी जीवनसङ्गीनी एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य शोभा प्रधानको असामयिक निधनप्रति श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दै सभाबाट शोक प्रस्ताव पारित गर्नुपर्ने, वर्षायाममा खानेपानीको पाइप फुटेर धमिलो पानी पाइपमा आउने भएकोले निगरानीको व्यवस्थाको लागि काठमाडौँ उपत्यका खानेपानी लिमिटेडलाई निर्देशन दिनुपर्ने, भनपाद्वारा गठित उपभोक्ता समितिहरूलाई ज्याला र बीलहरू संलग्न गर्दा फछ्र्यौटमा समस्या भइरहेको हुँदा प्रशिक्षणको व्यवस्था हुनुपर्ने, भनपा-७ स्थित पाँचाख्योमा हरियाली प्रबर्द्धन गर्नुपर्ने र सुधारिएको शवदाहमा कर्मचारी व्यवस्था गरी शव दहन गर्न दिने व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।



सभासद् **श्यामसुन्दर मातां**ले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँकी जीवनसङ्गीनी एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य शोभा प्रधानको असामयिक निधनप्रति श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दै सभाबाट शोक प्रस्ताव पारित गर्नुपर्ने र राष्ट्रघाती एमसीसी २०७८ फागुन १५ गते संसद्बाट पारित गरेपश्चात एमसीसी अन्तर्गतको राष्ट्रघाती एसपीपीमा अमेरिकी सेनाले गाडी, हवाइजहाज लगायत ट्रान्जिटको अधिकार र अमेरिकी सेनाले सञ्चार प्रविधि जडान गर्ने, नेपालमा तैनाथ तथा परिचालित सेनाको लागि बसोबासको लागि भूमि उपलब्ध गराउने, नेपालको उच्च भू-भाग अर्थात्

हिमाली क्षेत्रमा सैनिक अभ्यास गर्ने र अनुदानको नाउँमा आउने ५० प्रतिशत रकम अमेरिकी सैन्य अभ्यास र पूर्वाधार निर्माणमा खर्च गरिने, ५ वर्षको सम्झौता कहिले सकिने भन्ने किटान नभएको हुँदा नेपाललाई अफगानिस्तान र युक्रेनको अवस्थामा पुऱ्याउने खतरा रहेको हुँदा सभाबाट सो सम्झौताको विरोध प्रस्ताव पारित गर्नुपर्ने सुझाव दिनुभयो । साथै देको–मिवा इतापाके जग्गा एकीकरण आयोजना अन्तर्गतको जग्गाको प्लट क्षेत्रफल १३० वर्गमिटर बनाउनुपर्ने प्रावधानलाई कायम नगरी का.उ. वि.प्राधिकरणबाट स्वीकृत हुँदा बखतको न्यूनतम २ आना २ पैसा कायम गर्न नगरसभाबाट पारित गर्नुपर्ने, नगरकोट सडकलगायतमा जडान गरिएका सडक बत्तीहरू व्यवस्थित गर्नुपर्ने र नःपुखू सँगैको सार्वजनिक शौचालय प्रयोगविहीन भई पसल राखनेहरूको सामान भण्डारणको रूपमा रहेको हुँदा ध्यानदिनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **नारायणप्रसाद**



**त्वानाबासु**ले टौमढी र दरबार क्षेत्र परिसरमा आन्तरिक र वाह्य पर्यटकहरूले डस्टबिनको अभावले गर्दा जथाभावी फोहोर गरेको हुँदा सो को व्यवस्थापन गर्नुपर्ने, नगरका विभिन्न क्षेत्रमा पार्किङ्को समस्या रहेकोले समाधान गर्नुपर्ने, सुकुलढोकास्थित माछा पसल व्यवस्थापन गर्नुपर्ने, पेटी पेटीमा निर्माण सामग्रीहरू बेचने पसल सामग्रीहरूको व्यवस्थापन गर्नुपर्ने, कृषकहरूलाई मल व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **कृष्णनारायण**



**दुमरु**ले नपाले नेपाल सरकारबाट प्राप्त हुने बजेट प्राप्तिको सुनिश्चितताको लागि पहल गर्नुपर्ने, कमलविनायक प्लानिङ्मा बाँकी पिच कार्य यही आर्थिक वर्ष २०७९/८० भित्र सम्पन्न गर्नुपर्ने, भनपाबाट निर्माण सम्पन्न लिइसकेपछि घरको स्वरूप परिवर्तन गर्ने नगरवासीहरूलाई दण्ड जरिवानाको व्यवस्था गर्नुपर्ने, जग्गा खरिद शीर्षकमा ५० लाख रुपैयाँ अपुग भएकोले थप गर्नुपर्ने, नगरकोट सडकको दायाँ बायाँ पेटी बनाउन सम्बन्धित नपाबाट सडक विभागमा पहल गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **सूर्यप्रसाद श्रेष्ठ**ले



हनुमन्ते खोलामा फोहोर फाल्ने कार्य रोकी अन्य वैकल्पिक स्थानमा फोहोर व्यवस्थापन गर्नुपर्ने, खानेपानीको समस्या समाधानको लागि ट्यांकरबाट पानी वितरणको व्यवस्था मिलाउनुपर्ने, सैनिक आवसीय महाविद्यालय अगाडि आकाशे पुल निर्माणको लागि पहल गर्नुपर्ने, सङ्घ र प्रदेश सरकारको योजनाहरू ठेक्का प्रकृयाबाट सञ्चालन गर्दा गुणस्तरीयता कम भएको हुँदा योजना निरीक्षणको लागि प्राविधिक खटाउनुपर्ने, सरकारी कार्यालय नजिकै नगरपालिकाको सार्वजनिक जग्गा रहेको स्थानमा अस्थायी टहरा निर्माण गरी भाडामा लगाई आर्थिक श्रोत वृद्धि गर्नुपर्ने, सशुल्क पार्किङ्ग स्थलमा इलेक्ट्रिक टिकेटिङ्ग प्रणाली जडान गर्नुपर्ने, पसल, व्यवसाय दर्ता गर्दा अनिवार्य घरभाडा कर उठाउनुपर्ने र फोहोर धेरै निष्काशन गर्ने होटेल, रेस्टुरेन्ट, तरकारी र फलफूल पसलहरूलाई सफाइ शुल्क अनिवार्य रूपमा लिनुपर्ने, नपाभित्र सञ्चालित उद्योग, कलकारखानाबाट निस्किएको ध्वनि, धुँवा र वायु प्रदूषणले नगरवासीहरूको स्वास्थ्यमा प्रतिकूल असर गरिरहेको हुँदा ती काराखानाहरूलाई धुँवा, ध्वनि र वायु प्रदूषणरहित बनाउन पहल गर्नुपर्ने र करको दायरामा ल्याउनुपर्ने, नगरको मुख्य प्रवेशद्वारमा रहेको १०८ रोपनी जग्गामा रहेको माटोको ढिस्कोलाई सम्याएर चारैतर्फ वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्नुपर्ने तथा वाल कम्पाण्डमा भक्तपुरको ऐतिहासिक मठ, मन्दिर र सम्पदाहरूको होर्डिङ्ग बोर्ड राखी आगन्तुक पाहुनाहरूलाई नगर प्रवेश गर्न आकर्षित गर्नुपर्ने सुझाव दिनुभयो ।

त्यसैगरी सभासद् **मञ्जुमैंया**



**लाखा**ले नपाक्षेत्रभित्र हिउँदमा खानेपानीको धेरै अभाव हुने र वर्षामा हिलाम्य फोहोर पानीले नगरवासीहरूको स्वास्थ्यमा नकरात्मक असर परेको तथा दूषित पानीको प्रयोगबाट सरुवा रोग फैलिन सक्ने भएकोले फुटेको पाईपहरू यथाशिघ्र मर्मत गरी स्वच्छ खानेपानीको व्यवस्था गर्नुपर्ने र नेमकिपाका श्रद्धेय अध्यक्ष का.रोहितको जीवनसङ्गीनी का. शोभा प्रधानको असामयिक निधन भएकोमा शोक प्रस्ताव पारित गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **सिद्धिराम**



**अवाल**ले खानेपानी पिउन योग्य बनाउन नपाले उचित पहल गर्नुपर्ने, खानेपानीमा ढलको पानी मिसिएको गुनासो सम्बोधन गर्नुपर्ने, मेलम्चीको पानी वडा नं. १ देखि ५ सम्म आएको र अन्य वडाहरूमा पनि पुऱ्याउन पहल गर्नुपर्ने, नगरकोट सडकमा रहेका खाल्डाखुल्डीहरू मर्मत गर्नुपर्ने, नगरका सम्पदाहरूलाई असर पार्ने गरी झुन्डिएका तारहरू यथाशक्य हटाई नगरको शोभा बढाउनुपर्ने, नगरका सम्पदा क्षेत्र र गैर सम्पदा क्षेत्रमा समाजमा विकृति फैलिने किसिमका कार्यहरू नियन्त्रण गर्न पहल गर्नुपर्ने र सिसि क्यामेराको व्यवस्था गर्नुपर्ने, सार्वजनिक जग्गाहरू संरक्षण गर्नुपर्ने, परम्परागत शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई घरको मोहडाको इँटा, काठ र झिँगटीमा दिँदै आएको अनुदान रोकिएको भनी गुनासो आएकोले सम्बोधन गर्नुपर्ने, वडावडामा सञ्चालित पुस्तकालयहरूलाई पुनः सञ्चालन गराउन दर्ता र नवीकरण शुल्क मिनाहा गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **जितेन्द्र मुनंकर्मी**ले



नेमकिपाका श्रद्धेय अध्यक्ष का.रोहितको जीवनसङ्गीनी का. शोभा प्रधानको छोटो जीवनी र क्यान्सर रोगसँग लड्दै गर्दाको अनुभव सभामा जानकारी दिनुहुँदै उहाँको असामयिक निधन भएकोमा सभाबाट शोक प्रस्ताव पारित गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **गोविन्द दुवाल**ले



बैठकमा उठेका राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका विषयहरूमा समर्थन गर्नुहुँदै भनपाभित्रका किसानहरूको जग्गा अन्य नगरपालिकामा रहेको हुँदा सरकारले भक्तपुर नगरको लागि निर्धारण गरेको मलको कोटा नपुग भएकोले मल अभावको समाधानको लागि नपाले पहल गर्नुपर्ने, स्वदेशमै मलकारखाना स्थापनाको लागि सरकारलाई ध्यानाकर्षण गर्नुपर्ने, अमेरिकी साम्राज्यवादका कारण रुस र युक्रेनको युद्ध भएको उल्लेख गर्नुहुँदै १८ वर्ष पुगेका युवाहरूलाई सैनिक तालिम दिनुपर्ने सुझाव दिनुभयो ।

**सभाध्यक्ष प्रजापतिले बैठक २० मिनेटको लागि सभा स्थगित भएको जानकारी दिनुभयो ।**

बैठक पुनः सञ्चालन गर्नुहुँदै सभाध्यक्ष **प्रजापति**ले उपप्रमुख रजनी जोशीले अघिल्लो बैठकमा पेश गर्नुभएको **भक्तपुर नगरपालिकाको आ.व. २०७९/०८० को बजेट**माथि दफावार छलफलको लागि बोल्न चाहने सभासदहरूलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

छलफलमा भाग लिनुहुँदै सभासद् **हेरा ख्याजु**ले बजेट वक्तव्यको बुँदा नं. १० को कमलविनायक आवास योजनामा खानेपानी व्यवस्था गर्न २५ लाख विनियोजन गरिएकोमा सो आवास क्षेत्रमा २०५२ सालदेखि नगर विकास कोषमा जगेडा रहेको २२ लाख रुपैयाँ झिकाई सोही क्षेत्रको सडकको दायाँ बायाँ खानेपानी व्यवस्थापनमा खर्च गर्नुपर्ने, नीति तथा कार्यक्रममा कर्मचारी र जनप्रतिनिधिहरूको क्षमता विकासको लागि आवश्यक तालिम प्रबन्ध गरिने उल्लेख भएतापनि बजेटमा तालिम खर्च शीर्षक नराखिएकोले थपिनुपर्ने, महिला, बालबालिका र जेष्ठ नागरिक तथा समाज कल्याण क्षेत्रमा ५१ करोड ६८ लाख रुपैयाँ विनियोजन गरिएको तर कार्यविधिको अभावमा खर्च गर्न अन्यौलता भएको र नगरमा शैक्षिक बेरोजगार युवाहरूको सङ्ख्या भयावह रूपमा बढेको हुँदा युवा उद्यमशील ऋणको व्यवस्था गरेजस्तै





व्यवसायी कृषक पहिचान गरी सहुलियत दरका कृषि ऋणको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **पुरुषोत्तम तमखु**ले इखालाछी मठ पुनःनिर्माणको लागि छुट्याएको रु. ७५ लाखको बजेट कम भएकोले थप बजेटको व्यवस्था गर्नुपर्ने, देको–मिवा–इतापाके जग्गा एकीकरण आयोजना यसै वर्ष सम्पन्न गर्ने लक्ष्यअनुसार २० करोड बजेट विनियोजन गरिएकोमा सो आयोजना सम्पन्न गर्न उक्त बजेट अपुग भएकोले वृद्धि गर्नुपर्ने र नपाको बजेटमा पूँजीगत खर्चभन्दा चालु खर्च बढेको तथा आन्तरिक श्रोतको आय अत्यन्त कम भएकोले नपा सञ्चालनमा असर पर्ने भएकोले सोच्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **जितेन्द्र मुनंकर्मी**ले नपाको आयश्रोत कम्तीमा हरेक २ वर्षमा बृद्धि गर्नुपर्ने भएकोले आय स्रोत बढाउनेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

सभासद् **हरिरत्न गोर्खाली**ले नपाको बजेट समाजवादउन्मुख भएको बताउनुहुँदै वडास्तरीय योजनामा छुट्याइएको ५० लाख अपुग भएकोले वृद्धि गर्नुपर्ने, पार्किङ्ग प्रयोजनको लागि टहरा निर्माण गर्न छुट्याइएको ५० लाख बजेट अपुग भएको, कार्यालयको पूँजीगत खर्च अन्तर्गत जग्गा खरिदको लागि ५० लाख विनियोजन कुन र कहाँको स्पष्ट नभएकोले स्पष्ट हुनुपर्ने, लापाँदेगःको परिसरमा इँटा खिइएर खाल्डाखुल्डी भएकोले पुनःनिर्माणको लागि बजेट विनियोजन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **रामसुन्दर बासी**ले नगरपालिकाको बजेटमा भौतिक निर्माणमा बढी जोड दिएको तर नगरवासीलाई विभिन्न विषयमा प्रशिक्षित गर्ने वा जनचेतना फैलाउने तालिम, प्रशिक्षण, सेमिनार र भेला जस्ता अभौतिक कार्यक्रम सञ्चालन गर्ने गरी पनि बजेट निर्माण गर्नुपर्ने, नपाले मानसिक रोग विशेषज्ञको व्यवस्था गर्नुपर्ने, बढ्दो लागुपदार्थ दुर्व्यसनी केन्द्रित कार्यक्रम ल्याउनु पर्ने र सामुदायिक विद्यालयमा भौतिक सुधार गर्न बजेट विनियोजन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभाध्यक्ष **प्रजापति**ले नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) का जीवनसङ्गीनी तथा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय कोषाध्यक्ष र नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय सदस्य शोभा प्रधानको सङ्क्षिप्त जीवनी प्रस्तुत गर्न भनपा–२ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**लाई समय प्रदान गर्नुभयो ।

बैठकमा का. शोभा प्रधान (बिजुक्छेँ) को निधनमा **शोक प्रस्ताव** पेश गर्न भक्तपुर नपाका कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**लाई समय प्रदान गर्नुभयो ।

# शोक प्रस्ताव

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्रद्धेय नारायणमान बिजुक्छेँ (रोहित) का जीवनसङ्गिनी तथा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय कोषाध्यक्ष र नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय सदस्य का. शोभा प्रधान (बिजुक्छेँ) को क्यान्सर रोगका कारण २०७९ असार ८ गते असामयिक निधन भएकोमा यो नगरसभा गहिरो दुःख व्यक्त गर्दछ ।

पञ्चायती राज्यस्तरबाट वि.सं. २०४५ सालमा रचिएको षड्यन्त्र भक्तपुर काण्डको विरोधमा सशक्त सङ्घर्षरत का. शोभा २०४६ सालको जनआन्दोलनका अग्रणी महिला नेतृ हुनुहुन्थ्यो । राजनैतिक परिवारका सदस्य भएर महिला, शिक्षकको हकहितको लागि मात्र नभई समग्र नेपाली कामदार जनताको हित र देशको सार्वभौमिकता रक्षाका आन्दोलनहरूमा उहाँको योगदान महत्त्वपूर्ण रह्यो ।

विगत २३ वर्षदेखि क्यान्सर रोगसँग निरन्तर लड्दै शैक्षिक, राजनैतिक र पारिवारिक जिम्मेवारीसमेत कुशलतापूर्वक बहन गर्नुहुने का. शोभा जीवनको अन्तिम क्षणसम्म पनि निराश बन्नुभएन ।

भक्तपुरको शैक्षिक सुधारमा उहाँको महत्त्वपूर्ण योगदान रह्यो । महिलाहरूलाई राजनैतिक चेतना सँगसँगै क्यान्सर रोगबारे स्वास्थ्य सचेतना जगाउने अभियानमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने का. शोभा प्रधानको निधनप्रति यो सभा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।



बैठकमा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले शोभा प्रधानको निधनले पार्टी र कार्यकर्तामाझ अपूरणीय क्षति पुगेको बताउनुहुँदै उहाँले देश र समाजको निम्ति गर्नु भएको योगदानका कारण उहाँ अमर हुने बताउनुभयो ।

समाज परिवर्तनमा प्रधानको उल्लेखनीय योगदान रहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँको राजनीतिक जीवन सहज र सफल बनाउन शोभा प्रधानले निर्वाह गर्नुभएको भूमिका प्रशंसनीय र अविष्मरणीय रहेको उल्लेख गर्नुभयो ।

बैठकमा बोल्नुहुँदै प्रमुख प्रजापतिले शोभा प्रधानको निधनले पार्टी र कार्यकर्तामाझ अपूरणीय क्षति पुगेको बताउनुहुँदै उहाँले देश र समाजको निम्ति गर्नु भएको योगदानका कारण उहाँ अमर हुने बताउनुभयो ।

समाज परिवर्तनमा प्रधानको उल्लेखनीय योगदान रहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँको राजनीतिक जीवन सहज र सफल बनाउन शोभा प्रधानले निर्वाह गर्नुभएको भूमिका प्रशंसनीय र अविष्मरणीय रहेको उल्लेख गर्नुभयो ।

सभाध्यक्ष **प्रजापति**ले का.पा. सदस्य **सुवाल**ले प्रस्तुत गर्नुभएको शोक प्रस्तावलाई पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नभयो । सभाले सो शोक प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

सभाध्यक्ष प्रजापतिले नगरसभाको अर्को बैठक २०७९ साल असार १४ गते, मंगलबार दिनको १:०० बजे बस्ने गरी स्थगित गर्नुभयो ।

# पाँचौँ दिन – २०७८ असार १४ गते, मंगलबार




भक्तपुर नगरपालिकाको बाह्रौं नगरसभाको पाँचौ दिनको बैठक १:०० बजे सभाध्यक्ष **सुनिल प्रजापतिले** शुरु गर्नुहुँदै शुरुवातमा विशेष समय व्यवस्था गरेको जानकारी गराउनु भयो र विशेष समयको छलफलमा भाग लिन चाहने सभासद्हरूलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।



विशेष समयको छलफलमा भाग लिनु हुँदै सभासद **गोविन्द दुवालले** भक्तपुर नगर क्षेत्रको खानेपानी समस्याको दिगो समाधानको लागि नगरकोटसँगैको गडगडे खोलाको पानी सुरुङ्ग बनाई ल्याउन पहल गर्नुपर्ने, वडा नं. ६ हनुमान भट्टासम्म ढल निकासको लागि आवश्यक पाईप बिछ्याउनु पर्ने र सफाइ मजदुरहरूलाई शिष्ट, सभ्य र जिम्मेवार बनाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।



सभासद् **सिद्धिराम अवालले** बजेटमा व्यवस्था गरेर कार्यान्वयन नभएका योजनाहरूबारे स्पष्ट पार्नुपर्ने, विज्ञान र प्रविधि विकासको लागि पनि बजेट विनियोजन गर्नुपर्ने, स्थानीय कृषकहरूबाट नै बीउ, बिजन उत्पादन गराउनु पर्ने, वधशाला निर्माण गर्नुपर्ने, सहकारी संस्थाहरूको नियमित अनुगमन र नियमन गर्नुपर्ने तथा कृषि सहकारीलाई पनि अन्य सहकारी जस्तै वर्गीकरण गरी कर निर्धारण गर्नुपर्ने सुझाव दिनुभयो ।

छलफलमा भाग लिनुहुँदै सभासद् **जितेन्द्र मुनंकर्मीले** नगरपालिका कार्यालयमा सहायता कक्षको व्यवस्था गर्नुपर्ने, नगरकोट मार्ग व्यवस्थित र सुरक्षित गर्न ट्राफिक व्यवस्थापन गर्नुपर्ने, सुधारिएको शवदाह गृह प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने, ख्वप



अस्पतालबाट प्रवाह हुने सेवा सुविधा व्यवस्थित गर्नुपर्ने सुझाव दिनुभयो ।



छलफलमा भाग लिनुहुँदै सभासद **कृष्णलाल किसीले** फोहोर मैला प्रशोधन केन्द्र पूर्वाधार निर्माण कार्यको लागि छुट्याइएको बजेट अपुग भएको, फोहोर मैला प्रशोधन केन्द्र नगरका अन्य वडाहरूमा पनि व्यवस्था गर्नुपर्ने, कृषि बीउ-बिजन वितरण व्यवस्थित गर्न अनुगमन र नियमन गर्नुपर्ने, कीटनाशक औषधी वा विषादी वितरण गर्ने पसलहरूको निरीक्षण गरी नियमन गर्नुपर्ने, घर नक्सा पास सम्बन्धी मापदण्ड पूर्ण रूपमा लागू गर्नुपर्ने, व्यवसायिक कृषकहरूलाई सहुलियत दरमा ऋणको व्यवस्था गर्नुपर्ने, कृषि अनुदानको सदुपयोगको व्यवस्था मिलाउनु पर्ने, अरनिको राजमार्गको

सूर्यविनायकदेखि जगातिसम्म सर्भिसलेन सडक पिच गर्न पहल गर्नुपर्ने, नगरका सबै क्षेत्रका सम्पदाहरूको संरक्षण गर्नुपर्ने, ऐतिहासिक जगाति पुलको पुनः निर्माण गर्नुपर्ने, जगाति सत्तलको पुनः निर्माणको लागि बजेट छुट्याउनु पर्ने विचार व्यक्त गर्नुभयो ।



छलफलमा भाग लिनुहुँदै सभासद् **राजकुमार सिल्पकार**ले नगरको सन्तुलित विकासको लागि कोने (नगरको तल्लो क्षेत्र) क्षेत्रमा पनि सरकारी कार्यालय सञ्चालन गर्नुपर्ने, मठ, मन्दिरबाट हराइएका मूर्ति र तोरणहरू फिर्ता ल्याउन पहल गर्नुपर्ने, सफाइ मजदुरलाई पूर्ण परिचालन गर्नुपर्ने, बाटो फराकिलो पार्दा बाटोको बीचमा पर्न गएका बिजुलीका पोलहरू सार्न पहल गर्नुपर्ने, खानेपानी चुहावत नियन्त्रण गर्नुपर्ने, बजार व्यवस्थापन प्रभावकारी बनाउनुपर्ने, नगर क्षेत्रभित्र भाडामा बस्नेहरूसँग पनि सफाइ शुल्क लिनुपर्ने, जग्गा धनी पुर्जाको प्रतिलिपिको लागि सिफारिस प्रदान गर्दा आवश्यक शुल्क लिनुपर्ने सुझाव दिनुभयो ।



सभासद् **सूर्यप्रसाद श्रेष्ठ**ले हनुमन्ते खोलाको करिडोरको मापदण्ड व्यवस्थित गर्नुपर्ने, पी.आई.डी.ले व्यवस्था गरेको ढल मापदण्डमा परेकोले त्यसको सुरक्षाको लागि आवश्यक व्यवस्था मिलाउनु पर्ने, सडक बालबालिकाहरूलाई नियन्त्रण गर्नुपर्ने, अनियमित निर्माण रोक्नुपर्ने, नगरपालिकाद्वारा सञ्चालित सङ्घ संस्थाहरूमा जनप्रतिनिधिहरूको परिचयात्मक कार्यक्रम राख्नुपर्ने, कर छुटको म्याद श्रावण महिनासम्म थप्नुपर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी बनाउनुपर्ने, सडक पेटीको रुख कटिङ्को व्यवस्था गर्नुपर्ने, अवैधानिक निजी प्लानिङ्ग र प्लटिङ्ग रोक्नुपर्ने सुझाव दिनुभयो ।



सभासद् **कृष्ण नारायण दुमरु**ले सबै वडाहरूमा फोहोर मैला प्रशोधन केन्द्र सञ्चालन गर्नुपर्ने, ख्वप विश्वविद्यालयको पूर्वाधार बन्दोबस्त गर्नुपर्ने, ब्यासीदेखि लान्चा फल्चासम्मको ट्राफिक जाम हटाउन पहल गर्नुपर्ने, देकोचा चोकदेखि खासाङ्ग खुसुङ्ग खोलासम्म चाँगु जाने बाटोको लगत कट्टा भएको जग्गामा सडक विस्तार गर्न पहल गर्नुपर्ने, कमलविनायक क्षेत्रको जग्गामा फूलबारी बनाउनु पर्ने, विद्युतीय तार, अन्य तार र केबुललाई भूमिगत गर्न बजेट छुट्याउनु पर्ने, भ.न.पा. १० वडाको उत्तरी भेगमा भइरहेको अव्यवस्थित घर निर्माण रोक्नुपर्ने, राजकुलोको क्षति न्यूनीकरण गर्न पहल गर्नुपर्ने, ठेलागाडा व्यापारीलाई नियन्त्रण गर्नुपर्ने, सडक पेटी अतिक्रमण रोक्नुपर्ने, भ.न.पा. र चाँ.न.पा.को सडक मापदण्ड फरक फरक भएको विषयमा समन्वय गर्नुपर्ने सुझाव दिनुभयो ।



सभासद् **कृष्ण सुन्दर प्रजापति**ले माटोको भाँडा बनाउने परम्परागत पेशा, सीप र ज्ञानलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाउनु पर्ने, माटोको भाँडा सम्बन्धी सङ्ग्रहालयको व्यवस्था गर्नुपर्ने र नयाँ पुस्तालाई माटोको भाँडा बनाउने पेशामा आकर्षित गर्न व्यवस्था मिलाउनुपर्ने सुझाव दिनुभयो ।



सभासद् **सुमित्रा बोहजु**ले च्याम्हासिंहदेखि जगातिसम्मको सडकमा ट्राफिक व्यवस्था गर्नुपर्ने, मचो भैरवबाट हनुमन्ते खोला जाने खुड्किला मर्मत गर्नुपर्ने, स्वास्थ्य स्वयंसेविकाहरूलाई रक्तचाप परीक्षण लगायत आधारभूत स्वास्थ्य सेवा सम्बन्धी तालिम दिनुपर्ने, समय समयमा स्वास्थ्य शिविर र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, बालमैत्री उद्यान र पुस्तकालयको व्यवस्था गर्नुपर्ने, विद्यार्थी सङ्ख्याको

आधारमा शिक्षकहरूको व्यवस्था मिलाउनुपर्ने, ख्वप अस्पतालको प्रयोगशालालाई प्रभावकारी बनाउनुपर्ने सुझाव दिनुभयो ।



सभासद् **रामसुन्दर बासी**ले नयाँ आवास क्षेत्रमा पुरानो नगर क्षेत्रको जस्तै स्वरूप दिन इँटा बिछ्याउने, पाटी, इनार, दबु, मठ, मन्दिर निर्माण गर्नुपर्ने, स्कूल अफ आर्ट स्थापना गरी नृत्यकला, चित्रकला, गीत, सङ्गीत, वक्तृत्वकला, साहित्यसम्बन्धी प्रशिक्षण दिनुपर्ने, एक विद्यालयय एक सम्पदा नीतिलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नुपर्ने, विद्यालय क्षेत्र सुरक्षित बनाउन ट्राफिक चिह्नको व्यवस्था गर्नुपर्ने, नगरका खुला क्षेत्र, पर्ति जग्गा, सार्वजनिक जग्गा र सरकारी जग्गा संरक्षण र सम्वर्द्धन गर्नुपर्ने, यस नगरका राष्ट्रिय मेलमिलाप केन्द्रमा सूचिकृत मेलमिलापकर्ताहरूको सूची बनाउनु पर्ने, प्रत्येक वडामा विवाद समाधानको लागि न्याय समिति गठन गर्नुपर्ने, भक्तपुर नगरपालिका प्रज्ञा प्रतिष्ठान स्थापना गर्नुपर्ने, नगरपालिका कार्यालय र सबै वडा कार्यालयहरूबाट मुस्कानसहित सेवा दिनुपर्ने, कार्यालयमा अधिक प्रयोग हुने सेवा सम्बन्धी निवेदनहरू निःशुल्क वितरण गर्नुपर्ने, ख्वप अस्पतालको आधिकारिक वेबसाइट र फेसबुक पेज बनाउनु पर्ने, नगरका मुख्य मुख्य क्षेत्र नगरपालिका कार्यालय र वडा कार्यालयहरूमा फ्रि वाईफाईको व्यवस्था गर्नुपर्ने, तालिमको लागि दरखास्त आह्वान गरेर तालिम सञ्चालन नगर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने, नगरवासीले सहजरूपमा गुनासो र सुझाव दिन सकिने गरी 'हेलो भक्तपुर नगरपालिका' पोर्टल सञ्चालन गर्नुपर्ने, नगरका सबै वडाबाट प्रदान गरिने सेवा सुविधामा एकरूपता ल्याउन पहल गर्नुपर्ने र वडा सचिव र वडाका जनप्रतिनिधिहरूलाई समय समयमा कानून सम्बन्धी अद्यावधिक तालिम सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो ।



सभासद् **इन्द्रबहादुर प्याथ**ले तौमढी क्षेत्र, दत्तात्रय क्षेत्र र च्याम्हासिंहदेखि भार्वाचोसम्म बत्तीको व्यवस्था गर्नुपर्ने, नगरका परम्परागत सीप र उत्पादन संरक्षणको नीति लिनुपर्ने, भ.न.पा. ९, साकोलानस्थित पालिफ पाटी पुनः निर्माण गर्नुपर्ने, नगरका सबै वडामा शिशु स्याहार केन्द्र सञ्चालन गर्न बजेट विनियोजन गर्नुपर्ने, कमलविनायक बसपार्कदेखि नवदुर्गा मन्दिर, गछेँसम्मको बाटो ढुङ्गा छपाइ गर्नुपर्ने, कमलविनायक पोखरी वरिपरि हुने विकृतिहरू नियन्त्रण गर्न पहल गर्नुपर्ने र वडा निरीक्षकहरूलाई प्राविधिक र कानुन सम्बन्धी तालिम दिनुपर्ने बताउनुभयो ।

सभासद् **हेरा ख्याजु**ले खँचा पोखरी संरक्षण गर्नुपर्ने, झर्तिला अवस्थित वन किवा पुखू उत्खनन गरी पुनः निर्माण गर्नुपर्ने, झर्तिलाको सिमाङ्कन गरी बाटो खोल्नुपर्ने, व्यवसाय



कर समयानुकुल वृद्धि गर्नुपर्ने, यस नपाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रहरूलाई पूर्व प्रा.वि. मा स्तरोन्नति गर्नुपर्ने, कृषि र भेटनरी शाखा थप्नुपर्ने, कौसी खेती र कम्पोष्ट मल सम्बन्धी तालिम दिनुपर्ने, हार्डवेयर पसलका सडक पेटीमा राखिने निर्माण सामग्री हटाउनुपर्ने, फोहोर उत्पादन न्यूनीकरण गर्न फोहर छुट्याउने बाल्टिन वितरण गर्नुपर्ने बताउनुभयो ।



सभासद् **हरिरत्न गोर्खाली**ले भीमसेन पाटी पुनः निर्माण गर्नुपर्ने, खुला ब्यायाम स्थलमा प्रशिक्षक राखी व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्ने, कर्मचारीहरूलाई अनुशासित, मर्यादित, कर्तव्यनिष्ठ र जवाफदेही बनाउन आवश्यक पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

सभासद् **मञ्जुमैँया लाखाजु**ले सांस्कृतिक सङ्ग्रहालय निर्माणको लागि बजेट विनियोजन गर्नुपर्ने, भक्तपुर पेपर क्राफ्टलाई पुनः सञ्चालनमा ल्याउनु पर्ने, जनप्रतिनिधि



र कर्मचारीको क्षमता विकास सम्बन्धी तालिमको लागि बजेट विनियोजन गर्नुपर्ने, नगर क्षेत्रका तार र केबुलहरू व्यवस्थित गरी भूमिगत गर्नुपर्ने, नगरपालिकाद्वारा पारित ऐन, नियमावली, विनियम, कार्यविधि, निर्देशिका र नीतिहरू अध्ययन गर्ने वातावरण तयार गर्नुपर्ने, वडा कार्यालयहरू व्यवस्थित गर्नुपर्ने, फुटपाथमा अव्यस्थित ढङ्गले राखिएका पसल र सामग्रीहरू व्यवस्थित गर्नुपर्ने, अनलाइन नक्सा पास र कर तिर्ने व्यवस्था मिलाउनु पर्ने, खौमा जागृति स्कूल अगाडिको फोहोर सङ्कलन केन्द्र हटाउनु पर्ने, नगरपालिकामा सहायता कक्ष व्यवस्था गर्नुपर्ने, इन्द्रायणी मन्दिर अगाडिको ढुङ्गेधारा र व्यासीको तीन धाराको निकास खोल्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

सभासद् **श्याम सुन्दर माता**ंले शहीद स्मृति खेल मैदानमा कभर्ड हल निर्माण गर्नुपर्ने, भक्तपुर पेपर क्राफ्टलाई व्यवस्थित रूपले सञ्चालन गर्नुपर्ने, भक्तपुर क्यान्सर



अस्पतालदेखि हाकुफो हितिसम्मको सडक पेटी व्यवस्थित गर्नुपर्ने, पाक्षिक सरसफाइ नगरपालिकाको विभिन्न कार्यक्रमलाई टेवा पुग्ने हिसाबले सञ्चालन गर्नुपर्ने, ख्वप कलेजका विद्यार्थीहरूलाई गृहकार्य र आसिसमेन्ट कार्य धेरै भएको भन्ने गुनासोको सम्बोधन गर्नुपर्ने, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनामा भू-उपयोग ऐन र नियमावलीबाट सिर्जित अन्यौल निवारणको लागि तत्काल पहल गर्नुपर्ने, नःपुखूदेखि खौमासम्मको बाटो साँघुरो भई दैनिक ट्राफिक जामका कारण पैदल आवत जावतमा समेत वाधा पुगेकोले खौमाको पार्किङ्ग हटाई नःपुखू वरपर पार्किङ्गको व्यवस्था गर्नुपर्ने, नगरपालिकाबाट विदेशीहरूलाई वितरण गरिने ब्रोसरहरूमा बौद्ध सम्पदाको तस्बिर पनि समावेश गर्नुपर्ने, अनियमित र अवैधानिक रूपमा सञ्चालित सहकारी संस्थाहरूलाई अनुगमनबाट पेश भएको प्रतिवेदनअनुसार कारबाही गर्नुपर्ने विचार राख्नुभयो ।



विशेष समयको छलफलमा भाग लिनुहुँदै सभासद् **रिता फसिकवा**ले ५ नं. वडा कार्यालयको नयाँ भवन निर्माण गर्नुपर्ने, भ.न.पा. ५ मा शिशु स्याहार केन्द्र सञ्चालन गर्नुपर्ने, टिबुक्छेँको जुजु फल्चा पुनः निर्माण गर्नुपर्ने, साकोथामा रहेको सफकुथी ( धारा भएको ठाउँको) फल्चा पुनः निर्माण गर्नुपर्ने, क्वाछेँको फल्चा पुनः निर्माण गर्नुपर्ने, वडावासीहरूलाई नै फोहोर व्यवस्थापनबारे तालिम दिनुपर्ने, पुरानो कम्पोष्ट प्लान्टमा तरकारी बजार व्यवस्थापन गरी बाँकी क्षेत्रमा बहुउद्देश्यीय भवन बनाउनु पर्ने, भ.न.पा. ५ भीमसेन स्थानमा सञ्चालित सुर्खी कारखानालाई अन्यत्र स्थानान्तरण गराउनुपर्ने, **पपर** दम्फोमा हरियाली व्यवस्था गरी बगैंचाको विकास गर्नुपर्ने, महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई डिजिटल परिचयपत्र व्यवस्था गर्नुपर्ने, तौमढी र दत्तात्रय क्षेत्रमा पार्किङ्ग निषेध गर्नुपर्ने, ख्वप अस्पतालका कर्मचारीहरूलाई शिष्ट र मर्यादित बनाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।



सभासद् **गंगालक्ष्मी बमनु**ले हनुमान पाटी अगाडिको ढुङ्गेधाराको पानी शुद्ध गर्ने व्यवस्था मिलाउनु पर्ने, सल्लाघारी हनुमन्ते खोलाको पुलदेखि निकोसेरा जाने खोलाको पुलसम्मको सडक पेटी व्यवस्थित गर्नुपर्ने, सल्लाघारीस्थित १०८ रोपनी जग्गा क्षेत्र वरिपरिका सडक व्यापारीहरूले फोहोर गर्ने प्रवृत्ति बढेकोले यसको नियन्त्रण गर्नुपर्ने सुझाव दिनुभयो ।

सभाध्यक्ष **प्रजापति**ले विशेष समयमा सभासदहरूले उठाउनु भएका खानेपानी, सहकारी संस्था, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना, शहीद स्मृति खेल मैदान, शिशु स्याहार केन्द्रलगायत समसामयिक विषयमा प्रष्ट पार्नुभयो ।

**सभा अध्यक्ष प्रजापतिले सभाको बैठक २० मिनेटको लागि स्थगित भएको जानकारी गराउनु भयो ।**

सभाध्यक्ष **प्रजापति**ले बैठक पुनः सुचारु गर्नुहुँदै भक्तपुर नगरपालिकाको आ.व.२०७९/०८० को बजेटको छलफलमा भाग लिन चाहने सभासद्हरूलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

बजेटमाथिको छलफलमा भाग लिनुहुँदै सभासद् **गोविन्द दुवाल**ले छुमा गणेश द्यःछेँ पुनः निर्माणको लागि बजेट अपुग भएकोले थप्नुपर्ने र नगर सभासद्हरूलाई पोशाकको व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

छलफलमा भाग लिनुहुँदै सभासद् **सूर्यप्रसाद श्रेष्ठ**ले सामुदायिक विद्यालयहरूलाई विद्यालय स्तर छुट्याई बजेट व्यवस्था गर्नुपर्ने, सल्लाघारी क्षेत्रको सडकको लागि बजेट विनियोजन गर्नुपर्ने, १० ओटै वडालाई समान बजेट वितरण गर्दा ठूलो भौगोलिक क्षेत्रको वडालाई मर्का परेको, प्रदेश र सङ्घको बजेट विनियोजन कुन कुन शीर्षकमा हो ? प्रष्ट पार्नुपर्ने, शेयरको लागि छुट्याइएको बजेट के को शेयरको लागि हो ? प्रष्ट पार्नुपर्ने, डम्पिङ्ग साइटको लागि बजेट व्यवस्था गर्नुपर्ने र क्यान्सर अस्पतालदेखि हाकुफो हितिसम्मको सडक पेटी निर्माणको लागि बजेट छुट्याउनु पर्ने सुझाव दिनुभयो ।

बजेटमाथिको छलफलमा भाग लिनुहुँदै सभासद् **नारायण प्रसाद त्वानाबासु**ले भ.न.पा. ५ नं. वडा कार्यालय रहेको भगवती गुठीको जग्गा खरिद प्रक्रिया अगाडि बढाउनुपर्ने, सफाइ कर बढाउनु पर्ने, घर बहाल कर प्रभावकारी रूपमा सङ्कलन गर्नुपर्ने, भक्तपुर नगरपालिकाबाट वहालमा दिएका पसलहरूबाट व्यवसाय करका साथै बहाल कर पनि लिनुपर्ने विचार व्यक्त गर्नुभयो ।



सभासद् **हेरा ख्याजु**ले दर्ता नभएका पसल व्यवसाय दर्ता गराएर करको दायरामा ल्याउनुपर्ने, अङ्ग्रेजीमा सिफारिस दिँदाको लिने शुल्क घटाउनुपर्ने, भ.न.पा.ले छुट्टै घर बहाल कर तोकी सङ्कलन गर्नुपर्ने, मापदण्डअनुसार घर निर्माण गरेको घरको प्रत्येक वर्ष दस्तुर लिन नहुने र केबुल तारहरू व्यवस्थित गर्नुपर्ने सुझाव दिनुभयो ।



सभा अध्यक्ष **प्रजापति**ले बजेटमाथिको छलफलमा सभासद्हरूले उठाएका विषयहरूमा प्रष्ट पार्नुहुँदै भ.न.पा. २ का वडाअध्यक्ष **हरिप्रसाद बासुकला**लाई भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनामा भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ मा न्यूनत्तम क्षे.फ. १३० व.मि. भन्दा कम क्षे.फ. हुने गरी कित्ताकाट गर्न नपाइने भन्ने व्यवस्थाबाट सिर्जित समस्या सामाधानको लागि काठमाडौँ उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.पा.हरूमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४ अनुसार विकसित घडेरीको न्यूनत्तम मोहडा कम्तिमा ६ मिटर र क्षे.फ. ८० व.मि. (०-२-२-०) व्यवस्था गर्ने सम्बन्धी प्रस्ताव सभाबाट स्वीकृत गरी भू-व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, शहरी विकास मन्त्रालय र काठमाडौँ उपत्यका विकास प्राधिकरणलाई अनुरोध गर्ने प्रस्ताव पेश गर्न समय प्रदान गर्नुभयो र वडा अध्यक्ष बासुकलाले सभामा प्रस्ताव पेश गर्नुभयो ।

सभाध्यक्ष **प्रजापति**ले निम्नानुसारको उक्त प्रस्ताव पारित गर्न सभामा पेश गर्नुभयो र सर्वसम्मतिले निम्नानुसारको प्रस्तुत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो –



